सहकारीका ७ सिद्धान्तहरू

स्वेच्छिक तथा खुला सदस्यता

सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण

सदस्यको आर्थिक सहभागिता

स्वायत्त र आत्मनिर्भर

शिक्षा, तालिम र सूचना

सहकारी संस्थाहरुबीच पारस्परिक सहयोग

समुदायप्रति चासो

coop

प्रतिभाका सफलताहरू २०७१

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

Pratibha Saving & Credit Co-operative Ltd.

लगनखेल, ललितपुर, नेपाल

फोनः ०१-५५४७७७७

Email: prativasccos@hotmail.com

सञ्चालक समिति

श्री रामहरि बजगाईं
अध्यक्ष

श्री रेवती प्रसाद दाहाल
उपाध्यक्ष

श्री बल बहादुर के.सी.
सचिव

श्री बेनप्रसाद तिमल्सिना
कोषाध्यक्ष

श्री छिरिङ लामा
सदस्य

श्री दिपेश्वरी बजगाईं
सदस्य

श्री उमेश घिमिरे
सदस्य

श्री सोमनाथ संजेल
सदस्य

श्री शिव प्रसाद शर्मा
सदस्य

श्री सचितानन्द घिमिरे
सदस्य

श्री गंगामाई घिमिरे
सदस्य

लेखा तथा सुपरिवेक्षण समिति

श्री माधव प्रसाद घिमिरे
संयोजक

श्री चित्र बहादुर बस्नेत
सदस्य

श्री संजय तिमल्सिना
सदस्य

ऋण उपसमिति

श्री रेवती प्रसाद दाहाल
संयोजक

श्री उमेश घिमिरे
सदस्य

श्री पूर्ण प्रसाद थापा
सदस्य

शिक्षा उपसमिति

श्री सचितानन्द घिमिरे
संयोजक

श्री विन्दुमाया लामा
सदस्य

श्री गणेश्वर संजेल
सदस्य

महिला उपसमिति

श्री दिपेश्वरी बजगाईं
संयोजक

श्री अरूणा बाबा अधिकारी
सदस्य

श्री रोशना के.सी.
सदस्य

युवा उपसमिति

श्री उमेश घिमिरे
संयोजक

श्री प्रकाश दाहाल
सदस्य

श्री नवराज ढुङ्गाना
सदस्य

श्री माधव तिमल्सिना
सदस्य

श्री श्याम बहादुर वि.क.
सदस्य

श्री रविन्द्र शाक्य
सदस्य


श्री मिठाराम जमकट्टेल
सदस्य

श्री मेनुका तिमल्सिना
सदस्य

श्री रमेश घिमिरे
सदस्य

कर्मचारी परिवार

श्री कल्पना जोशी

श्री उज्ज्वल पोखरेल

श्री शुशिला बजगाईं

प्रतिभाका सफलताहरू २०७१

अध्यक्ष
रामहरि बजगाईं

सम्पादक मण्डल
उमेश घिमिरे
सचितानन्द घिमिरे

व्यवस्थापक
रेवती प्रसाद दाहाल
पूर्ण प्रसाद थापा

सहयोगी
कल्पना जोशी
उज्ज्वल पोखरेल
शुशिला बजगाईं

कम्प्युटर
शशि सापकोटा, ९८४७३६४१७१

प्रकाशक
प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.
लगनखेल, ललितपुर
फोनः ०१-५५४७७७७

मुद्रक
जेन्यूइन कलर प्रिन्टिङ प्रेस
इमाडोल, ललितपुर
फोनः ०१-५२०३९५६

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय

पत्र संख्या :-
च. नं. :-

शुभकामना

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.लगनखेल,ललितपुरले आठौं वार्षिक साधारणसभा, २०७१ को अवसरमा "**प्रतिभाका सफलताहरु**" नामक बुकलेट प्रकाशन गर्न लागेको थाह पाउँदा खुशी लागेको छ । सहकारी मूल्य मान्यता र सिद्धान्त बमोजिम बचत गर्ने र बचत परिचालन गर्ने अवसर जुटाई सहकारी सदस्यहरुलाई स्वनिर्भरता तर्फ उन्मुख गराउन यस सहकारीले खेलेको भुमिका प्रशंसनीय छ । बुलेटिन प्रकाशनबाट सहकारी क्रियाकलापहरुका बारे जानकारी प्राप्त हुने र सहकारीको प्रभावकारिता अभिबृद्धिमा समेत टेवा पुग्ने विश्वास लिएको छु । बुलेटिन प्रकाशनमा सम्लग्न सबैलाई हार्दिक धन्यवाद समेत व्यक्त गर्दछु ।

मिति: २०७१।७।२५

सचिव
श्रीधर गौतम

कार्यालयको ठेगाना
सिंहदरबार, काठमाडौं
नेपाल

कार्यालयको टेलिफोन नं.
४२११८६०, ४२११९४६
४२००७५८, ४२११६५७

फ्याक्स नं.
४२११७५४

National Co-operative Federation of Nepal Ltd.
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

राष्ट्रिय सहकारी संघ लि. नेपाल
पुल्चोक, ललितपुर
पो.ब.नं. ११८५९, काठमाडौं
नेपाल

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncf@nepal.coop
Website: www.ncfnepal.com.np

International Co-operative Alliance

शुभकामना

मुलुकमा आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरिबी न्यूनीकरणका लागि सहकारी क्षेत्रको महत्वलाई आत्मासात गर्दै नेपालको अन्तरिम संविधानले सहकारी, सरकारी र निजी क्षेत्र सहितको तीनखम्वे अर्थनीतिलाई अवलम्वन गरेको व्यहोरा सर्वविदितै छ । सोही अनुरूप यस क्षेत्रको योगदानलाई बृद्धि गर्न समुदायमा आधारित भैं सदस्यहरूलाई गुणस्तरीय सेवा प्रवाह गरी सुशासन कायम गर्दै आमसमुदायमा सहकारी पद्धतिका बारेमा सकारात्मक प्रभाव पार्न आवश्यक रहेको देखिन्छ ।

यसै अनुसार सदस्यहरुलाई बचत तथा ऋणको सेवा प्रदान गरिआएको प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.लगनखेल,ललितपुरले आठौं वार्षिक उत्सब मनाउन गईरहेको जानकारी पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । यस अवसरमा संस्थाले हालसम्म प्राप्त गरेका उपलब्धीहरुलाई प्रतिभाका सफलताहरु नामक पुस्तिका प्रकाशन गर्न लागेको हुँदा यसै प्रकाशन मार्फत संस्थाका क्रियाशिल पदाधिकारीहरू, कर्मचारीहरू तथा आवद्ध सदस्यहरूलाई राष्ट्रिय सहकारी संघ लि. नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक बधाई ज्ञापन गर्न चाहान्छु । साथै उक्त प्रकाशनले सहकारीकर्मी मित्रहरूलाई संस्थाका बारेमा सुसूचित गराउन सहयोग गर्ने कुरामा विश्वस्त छु ।

अन्तमा,संस्थाले सदस्यहरूलाई प्रदान गरी आएको सेवा लगायत सामुदायिक क्रियाकलापहरू सहकारी सिद्धान्तको पूर्ण पालना गर्दै कार्यान्वायन गर्न आठौ वार्षिक उत्सबले थप दिशा निर्देश गर्ने अपेक्षाका साथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

मितिः २०७१ कार्तिक २१ गते

केशव प्रसाद बडाल
अध्यक्ष

NCF IS AN APEX BODY OF NEPALESE CO-OPERATIVE MOVEMENT AND MEMBER OF INTERNATIONAL CO-OPERATIVE ALLIANCE

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
(……………………शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
E-mail: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

मिति :२०७१।०७।१९

शुभ कामना

श्री प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि., लगनखेल, ललितपुरले आफ्नो ८ औं वार्षिक साधारण सभाको उपलक्ष्यमा संस्थाको गतिविधि र प्राप्त उपलब्धी तथा सफलतालाई समेटेर "**प्रतिभाका सफलताहरु**" नामक बुकलेट प्रकाशन गर्न लागेकोमा मलाई ज्यादै खुशी लागेको छ ।

सहकारी आन्दोलनलाई सजीव र गतिशील बनाउन संस्थाले आफ्ना सदस्यहरुलाई क्रियाशील बनाई संस्थाप्रति उत्तरदायित्व निर्वाह गर्न सक्षम तुल्याउँदै सहकारी भावना प्रवर्द्धनमा सहयोग पुऱ्याउँदै जानेछ भन्ने आशा लिएको छु । यस किसिमका पुस्तिका प्रकाशनले संस्थाका गतिविधिका साथै सदस्यहरु माझ सूचना सम्प्रेषण गर्नमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु । संस्थाले सदस्यहरुलाई उद्यमशीलताको विकास गराई आर्थिक, सामाजिक, साँस्कृतिक विकासका साथै उत्पादन र रोजगारी सृजना गरी उत्पादन बढाउने कार्यमा बढोत्तरी गर्दै गरिबी निवारणमा सहयोग गरी असहाय, विपन्न वर्गका समुदायको उत्थान र विकासमा अग्रणी भूमिका निर्वाह गर्दै जाने छ भन्ने विश्वास लिएको छु । सहकारीका मूल्य मान्यता र सिद्धान्तलाई आत्मसात् गर्दै नेपालको सहकारी विकास अभियानमा थप योगदान पुऱ्याउन र अनुसरणीय क्रियाकलाप बढाउँदै लैजान संस्थालाई सफलता मिलोस् भन्ने कामना व्यक्त गर्दछु । शेयर सदस्यहरु माझ प्रभावकारी र भरपर्दो सेवा प्रदान गर्ने कार्यमा यस संस्था कटिबद्ध भएर लाग्ने विश्वास लिदै नेपालको सहकारी विकासको अभियानमा संस्थालाई थप सफलता मिलोस भन्ने शुभेक्षा व्यक्त गर्दछु ।

जय सहकारी

……………………
(विष्णुहरि पौडेल)
रजिष्ट्रार

"जनतालाई सम्मान र सेवा, सुशासनलाई टेवा"

राष्ट्रिय सहकारी विकास बोर्ड

(राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ द्वारा स्थापित)

पत्र संख्या :

चलानी नं.:

फोन नं. { ५०१०१३१/५०१०२३७
५०१००९६/५०१०१९०

पुल्चोक , ललितपुर, नेपाल।

शुभकामना

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, लगनखेल, ललितपुरले आफ्नो आठौं वार्षिक उत्सवका अवसरमा संस्थाले हालसम्म प्राप्त गरेका सफलताहरुलाई समेटी "**प्रतिभाका सफलताहरु**" नामक वुकलेट प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ।

सहकारी संस्थाहरुले आफ्ना सदस्यहरुको दिगो, आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउने कार्यक्रमहरु संचालन गर्नुपर्दछ । विशेष गरी संस्थाले आफ्ना स्रोतहरुको परिचालन गर्दा उत्पादनशील कार्यहरुमा लगानी गरी उनीहरुलाई उद्यमी तथा व्यवसायी बनाउनु पर्दछ। संस्थाका हरेक क्रियाकलापहरु सहकारी सिद्धान्त, मूल्य मान्यता, सहकारी ऐन, नियमावली र मापदण्डहरुको पालना गरी संचालन गर्नु पर्दछ। सदस्यहरुको हित गर्ने तर्फ आफ्ना कार्यक्रमहरु केन्द्रित गर्नु पर्दछ। संस्थाले प्रकाशन गर्न लागेको वुकलेटले अवश्य पनि संस्था र सहकारीको बारेमा चासो राख्ने सबैलाई सहयोग पुऱ्याउने नै छ भन्ने मैले आशा एवं विश्वास लिएको छु।

अन्त्यमा संस्था र यसका सदस्यहरुको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछु।

मिति २०७१ कार्तिक २३ गते।

(सरोज कुमार शर्मा)
सह-अध्यक्ष

फ्याक्स नं. ९७७-०१-५०१०१५४, वेबसाईट : www.ncdb.org.np, ई-मेल : coopdesk@gmail.com पो.ब.नं. : ५७१७, काठमाडौं, नेपाल।

नेपाल सरकार
Government of Nepal
अर्थ मन्त्रालय
Ministry of Finance

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय
Youth & Small Entrepreneur Self-Employment Fund Secretariat

Ref. No. १66/069-62

Date : २०७१।०७।२१

नेपाल सरकार अर्थ मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय

शुभकामना मन्तव्य

सरकारी, सहकारी र निजि प्रयत्नवाट नेपालको आर्थिक, सामाजिक र वातावरणीय परिवर्तन सम्भव भएकोले नेपालको दीगो विकासका निम्ति सहकारीहरुले खेल्दै आएका सकारात्मक भूमिकाहरुलाई उच्च मूल्याकंन गरिनु पर्दछ । युवा तथा साना व्यवसायी स्वरोजगार कोषले नेपालको युवा वेरोजगारीलाई सम्बोधन गर्न बैंक, वित्तीय संस्था र सहकारी संस्था मार्फत काम गरिरहेको परिपेक्षमा प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेडसँग पनि सहकार्य गर्दा यस संस्थाले कोषको लक्ष्य उद्देश्य अनुसार कोषको रकम सदुपयोग गरेको हुदा कोषको तर्फवाट हार्दिक धन्यवाद दिन चाहन्छु । यस प्रतिभा बचत तथा ऋण सहकारी संस्थाले ललितपुर जिल्लामा झन्डै १००० जना सदस्यहरुलाई प्रत्यक्ष सेवा पुऱ्याउदै जिल्लामा छरिएको ससाना पूँजिलाई संकलन गरी उत्पादन र व्यवसायको क्षेत्रमा उल्लेखनीय काम गरेकोमा मलाई गर्वको अनुभूति भएको छ । यस संस्थाले "अपनाउ पद्धति सहकारी हटांऔ गरिवी र वेरोजगारी" भन्ने मूल नारालाई आत्मसाथ गर्दै सहकारीहरुको मुल्य मान्यता र सिद्धान्तलाई निस्ठा मानी संस्थाले निरन्तर राम्रो काम गर्दै सातौ वसन्त पार गरी आठौ वार्षिक उत्सव भव्यताका साथ मनाउन सफल भएको सन्दर्भमा संस्थाका सम्पूर्ण संचालक सदस्यहरु तथा सेयर सदस्य मानुभावहरुलाई म हृदय देखि नै बधाइ दिन चाहन्छु । संस्थाले हाल सम्म प्राप्त गरेका उपलब्धी तथा सफलतालाई समेटी "प्रतिभाका सफतलाहरु" नामक पत्रिका प्रकाशन गरेकाले म यस कार्यको उच्च मूल्याङ्कन गर्दै र यस साधारण सभाको सम्पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

....
(प्रा.डा. पुण्य प्रसाद रेग्मी
उपाध्यक्ष

अनामनगर, काठमाडौं, नेपाल, फोन नं.: +९७७-१-४१०२७८२/८८, फ्याक्स: +९७७-१-४१०२७८९/४१०२६७८
Anamnagar, Kathmandu, Ph.: +977-1-4102782/88, Fax: +977-1-4102789/4102678, Email:info@ysef.gov.np, Website:www.ysef.gov.np

(नेपाल राष्ट्र बैंकबाट सीमित बैकिङ्ग कारोबार गर्न स्वीकृती प्राप्त संस्था) द.नं. ०१/०५९/०६० (सहकारी बैंक)

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
CO-OPERATIVE BANK LTD.

शुभ-कामना

यस प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड, लगनखेल, ललितपुरको आठौं वार्षिक साधारणसभाको सु-अवसरमा त्यस संस्थाले बार्षिक कार्ययोजनाको साथै संस्थाको गतिविधी एवंम वितिय विवरणहरू समेटी सन्देश मुलक "प्रतिभाका सफलताहरू" प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुशी लागेको छ ।

त्यस संस्थाले सहकारी मुल्य, मान्यता र सिद्धान्तलाई अनुसरण गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका निम्ति छरिएर रहेका स-साना पूंजीलाई एकत्रित गरि सदस्यहरूकै सहभागितामा संकलित पूँजीलाई स्थानीय श्रम, स्रोत र साधनहरूको अधिकतम परिचालन गरी रोजगारीको सिर्जना गर्दै सदस्यहरूको आर्थिक सामाजिक तथा साँस्कृतिक विकासमा पुऱ्याएको योगदान प्रति हार्दिक आभार प्रकट गर्दछु ।

आफ्नो स्थापना काल देखि हाल सम्म त्यस संस्थाले सहकारी अभियानको क्षेत्रमा पुऱ्याएको अतुलनीय योगदान प्रति हार्हिक कृतज्ञता प्रकट गर्दै आगामी दिनहरूमा यस संस्थाले सहकारी मुल्य, मान्यता र सिद्धान्त अनुरूपको थप गतिविधीहरू संचालन गरि सहकारी आन्दोलनको क्षेत्रमा अग्रणि स्थान हाँसिल गर्न सफल र सक्षम रहोस भन्ने शुभेच्छा सहित संस्थामा आवद्ध सबै सदस्यहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

अन्त्यमा, यस संस्थाले आफ्नो स्थापना काल देखि हाल सम्म प्राप्त गरेको उपलब्धि र हाल सम्म सहकारी आन्दोलनको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै संस्थाको आगामी कार्ययोजनाहरूका साथै हालै सम्पन्न हुन गई रहेको आठौं वार्षिक साधारणसभाको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मितिः- २०७१/०७/१७

(के.बी.उप्रेती)
प्रबन्ध संचालक

Central Office: Kupandol, Lalitpur, Nepal, Tel: 5011782, Fax: 977-01-5555687, E-mail: coopbank@coopbank.com.np, Website: www.coopbank.com.np

ऐक्यबद्धता लोगो
नेफस्कून
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.
नेपाल
स.वि. दर्ता नं.: ३२९/२०५०-५१
नयाँबानेश्वर, काठमाडौं
पो.ब.नं. : ९१६९
फोन नं. : ०९७७-१-४७८१९६३, ४७८०२०१
फ्याक्स नं. : ०९७७-१-४७८३०७१, ४७८४५६९
इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

श्री अध्यक्षज्यू
प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.
लगनखेल, ललितपुर ।

शुभकामना

यस संघमा आवद्ध प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. लगनखेल, ललितपुरको आठौं वार्षिक उत्सवको अवसरमा "प्रतिभाका सफलताहरु" नामक बुकलेट प्रकाशन गर्न लागेको थाहा पाउँदा हामीलाई खुसी लागेको छ ।

समुदायमा स्थापित सहकारी संस्थाहरुले मूख्यत: सदस्यहरुको शेयर र बचत लगायत संस्थाको पूँजी तथा भौतिक सम्पत्ति र साखलाई सुरक्षित गर्दै सदस्यको जीवनस्तर परिवर्तन गर्ने तर्फ यसका अगुवाहरु विशेषत: संचालक समिति, लेखा समिति एवं व्यवस्थापन हरदम सजग भै राख्नु जरुरी छ ।

बचत संकलन गर्ने कार्य जति सहज छ त्यो भन्दा ऋण व्यवस्थापन कार्य अझ जटिल हुने हुँदा नियम संगत तरिकाले संस्थाबाट बाहिरिने कुनै पनि रकम समयमै संस्था भित्र फिर्ता हुन सक्छ भन्ने एकिन नगरी ऋण लगानी गर्न नहुने तर्फ पनि सदैव ध्यान दिनु पर्ने हुन्छ र संस्थाका समिति, उपसमितिको दायित्व पनि हो तसर्थ, बचत तथा ऋण सहकारी संस्थाहरुले हरक्षेत्रमा सुशासन कायम राखी सहकारीनै समुदायको सर्वोत्कृष्ट पद्धति हो भन्ने भावना जनस्तरमा अनुभूति गराउने तर्फ लागि पर्न सवैमा आग्रह गर्दछु ।

अत: आफनो प्रगतिको यथोचित समीक्षा गर्दै आउने दिनमा अझ गुणस्तरीय सेवा प्रदान गर्दै सदस्यहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा अग्रणी भूमिका खेल्न प्रतिभा साकोस सफल रहन सकोस् भन्ने कामना सहित आठौं वार्षिक उत्सवको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ऋषि राज घिमिरे
अध्यक्ष

मितिः २०७१ कार्तिक १७ गते

द.नं. २/२-२६/६३(८२५)०२८

जिल्ला सहकारी संघ लिमिटेड ललितपुर
District Co-operative Union Ltd. Lalitpur
महालक्ष्मीस्थान, ललितपुर, फोन: ५५२२३८१, ५५४२३१३
ईमेल: dculalitpur@hotmail.com/www.dcul.org.np

च.नं १३३/०७१/७२ मिति: २०७१/०७/१८

श्री प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
लगनखेल, ललितपुर ।

शुभ-कामना !

श्री प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड लगनखेल, ललितपुरले आफ्नो स्थापनाको ८ औं वार्षिक उत्सवको अवसरमा संस्थाका गतिविधिहरू तथा सहकारी क्षेत्रसँग सम्बन्धित विषयवस्तुहरूलाई समेटेर **"प्रतिभाका सफलताहरु"** नामक वुकलेट प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । यस संस्थाले सदस्यहरूमा पुऱ्याएको सेवा र विविध क्रियाकलापले सदस्यहरूको आर्थिक र सामाजिक रूपान्तरणका साथै सहकारी अभियानलाई अभिवृद्धि गर्न समेत मद्दत पुगेको मैले महशुस गरेको छु ।

"सहकारी मार्फत दिगो आर्थिक विकास तथा सामाजिक न्याय" भन्ने मूल मर्मलाई आत्मसातगर्दै यस संस्थाले सहकारी क्षेत्रसँग सम्बन्धित लेख, रचना तथा सवालहरूलाई समेटेर प्रकाशन गर्न लागेको यस वुकलेटले आम सदस्य तथा जनमानसमा सहकारी सम्बन्धी ज्ञानमा अभिवृद्धि गर्ने मैले विश्वास लिएको छु ।

अन्तमा, श्री प्रतिभा बतत तथा ऋण सहकारी संस्था लिमिटेडले आगामी दिनहरूमा अझै सफलता हासिल गर्दै सदस्यहरूको चौतर्फी विकास र सहकारी अभियानको सहयात्रामा सामेल भई महत्वपूर्ण योगदान पुऱ्याउन सकोस् भन्ने हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

जय सहकारी !

माधव दुलाल
अध्यक्ष

"शान्ति र सहकारीता, विकासका लागि अपरिहार्यता"

नेपाल सरकार
सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
डिभिजन सहकारी कार्यालय
पूर्णचण्डी मार्ग, ललितपुर, नेपाल

फोन/फ्याक्स नं.:- ०१-५५४८८१२
वेभसाइट:- www.decol.gov.np

पत्र संख्या:- ०७१/०७२
चलानी नं.:-
प्राप्त पत्र संख्या:-

मितिः- २०७१/०७/१६

विषयः- ॥। शुभकामना ॥।

श्री प्रतिभा बचत तथा ऋण सहकारी संस्था लिमिटेड,
ललितपुर ।

यस कार्यालयमा दर्ता भई संचालनमा रहेको त्यस संस्थाको आठौं वार्षिक साधारणसभाको शुभ उपलक्ष्यमा सबै शेयर सदस्यहरूमा हार्दिक बधाई तथा शुभकामना दिन चाहान्छु । "एकको लागि सबै र सबैको लागि एक" भन्ने सहकारीको साश्वत भावनालाई आत्मसात गर्दै यस सहकारी सस्थाले आफ्नो ७ वर्षे कार्यकालमा आर्थिक तथा समाज रूपान्तरणका लागि गरेको उपलब्धी साथै सहकारी आन्दोलन र सामाजिक रूपान्तरणमा सहयोग पुऱ्याएको छ । आफूले गरेका सबै किसिमका प्रगती र गतिविधि समेटेर प्रकाशन गर्ने वार्षिक प्रतिवेदन पुस्तिकामा सस्थाको विकास, पारदर्शिता र सहकारी आन्दोलन लाई सफल पार्न थप टेवा पुग्ने आशा गरेको छु । पुनः सबै शेयर सदस्यहरूमा हार्दिक शुभकामना सहित संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

जय सहकारी,

(रामहरि लामिछाने)
वरिष्ठ सहकारी अधिकृत
वरिष्ठ सहकारी अधिकृत

नोट:- कृपया पत्राचार गर्दा प.सं., च.नं. र मिति अनिवार्य उल्लेख गरिदिनु होला ।

दर्ता नं. ३३४/०५०/५१ ऐक्यवद्धता लोगो

ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड
LALITPUR DISTRICT FEDERATION OF SAVING & CREDIT CO-OPERATIVE SOCIETY LIMITED

नेपाल

च.नं. ०७१/७२ मिति : २०७१/७/१७

श्री प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि
लगनखेल- ललितपुर

हार्दिक शुभकामना ॥

सहकारी क्षेत्रले आर्थिक, सामाजिक र साँस्कृतिक विकास गरी आम गरिबी घटाउन मद्दत गरेको छ । अन्तर्राष्ट्रिय सहकारी महासंघले हालै मात्र प्रकाशित गरेको तथ्यांक अनुसार संसारभरि २ करोड ५० लाख भन्दा बढि मानिसहरुलाई सहकारी क्षेत्रले प्रत्यक्ष रोजगारी दिएको पाइएको छ । विश्वका सबै मुलुकहरुले सहकारी व्यवसाय र पद्धति मार्फत त्यहाँको आर्थिक क्षेत्रलाई सन्तुलनमा राखेका छन् । सहकारीको प्रजातान्त्रिक अभ्यासले सामाजिक न्याय र साँस्कृतिक विकासमा ठूलो भूमिका निर्वाह गरेको छ । नेपालको सन्दर्भमा सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक प्रमुख हिस्सा मान्दै अन्तरिम संविधानले नै सहकारी क्षेत्रको पहिचान स्थापित गराएको छ ।

ललितपुर जिल्लालाई कार्यक्षेत्र बनाई आफ्ना हजारभन्दा बढि सदस्यहरुलाई वित्तिय तथा अन्य विभिन्न सेवाहरु दिँदै सफलतापूर्वक सञ्चालित प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको **"अपनाउँ पद्धति सहकारी, हटाऔं गरिबी र बेरोजगारी"** भन्ने नाराले यसको लक्ष्य, उद्देश्यलाई प्रष्ट पारेको छ । आफ्ना संस्था मार्फत सदस्यहरुलाई स्वरोजगार बनाई उत्पादनमा लाग्न प्रेरित गरेको यस संस्थाले त्यस्ता सदस्यहरुको उद्यमलाई पहिचान दिनको लागि **"प्रतिभाका सफलताहरु"** नामक पुस्तिका प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ । आफ्ना सदस्यहरुले गरेको उद्यमलाई प्रोत्साहन दिई आवश्यक वित्तिय सहायता प्रदान गर्न गराउनमा यो पुस्तकले सकारात्मक भुमिका खेल्न सक्छ भन्ने अपेक्षा लिएको छु । संस्थाको आठौं बार्षिक साधारण सभाको अवसर पारेर प्रकाशन हुन गैरहेको यो पुस्तिका सहकारीता र उद्यमशीलताको बारेमा बुझ्न चाहनेहरुको लागि थप खुराक बन्न सक्नेछ भन्ने मैले आशा लिएको छु । साथै संस्थाको आठौं वार्षिक साधारण सभाको भव्य सफलताको शुभकामना ।

धन्यवाद । जय सहकारी ।

रामशरण घिमिरे
अध्यक्ष

Email: federation.lalitpur@gmail.com, Kanibahal-6, Lalitpur, Ph: +977-1-5553001, 016227626

प्रतिभाका सफलताहरु २०७१

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

Pratibha Saving & Credit Co-operative Ltd.

लगनखेल, ललितपुर, नेपाल

फोनः ०१-५५४७७७७

Email: prativasccos@hotmail.com

सम्पादकीय

हाम्रो समुदायमा सवल एकताको आधार निर्माण, द्वन्द्व न्यूनीकरण, एवम् व्यवस्थापन, रोजगारी सिर्जना, उत्पादनमा बृद्धि गर्दै गरिबी न्यूनीकरण, सदस्यहरुको सीप, क्षमता तथा नेतृत्व विकास, महिलामा नेतृत्व विकास तथा आर्थिक एवम् सामाजिक क्षेत्रमा पहुँच बृद्धि लगायत सयौं क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउँदै आएको मुलुकको आर्थिक विकासको मेरुदण्ड भनेको नै सहकारी क्षेत्र हो । प्रत्यक्ष र अप्रत्यक्ष रुपमा रोजगारी स्थापना गर्दै समाजका विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिबासी, जनजाति मधेसी, दलित, अपाङ्ग एवम् राज्य र निजी क्षेत्रको पहुँच नपुगेका गाउँ तथा बस्तीहरुमा तिनीहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि सहकारी व्यवसायले क्रियाशीलता देखाएकै कारण आम समुदायको आकर्षण बन्न गई सहकारी क्षेत्रको व्यापकतामा समेत बृद्धि हुँदै आएको पाइन्छ । मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि सहभागितामूलक विकास अनिवार्य छ। आर्थिक उन्नति बिना विकास सम्भव नभएकोले विकासमा पूँजी सङ्कलन र परिचालनका लागि समेत सहकारी एक अभिन्न अंग बनेको पाइन्छ। आम जनसमुदायमा छरिएर रहेका साना पूँजीको सङ्कलन, परिचालन गर्ने आफ्ना सदस्यमार्फत उनीहरुसँग भएको पूँजीलाई परिचालन गरी उनीहरुकै प्रत्यक्ष सहभागितामा योजना बनाई उनीहरुकै सक्रियताद्वारा समग्र विकास प्रक्रियामा लगानी गर्नु सहकारीको मूल मर्म रहेको छ।

देशव्यापी रुपमा सहकारी अभियान मार्फत आम जनसमुदाय गोलवद्ध भई मुलुकको आर्थिक विकासमा होमिए पनि २०६२/०६३ को दोस्रो जनआन्दोलन अगाडिका दिनहरु सहकारी व्यवसायका लागि चुनौतिपूर्ण थिए। २०४८ मा सहकारी ऐनको प्रार्दुभाव भएपश्चात् आमरुपमा समुदायको चासो सहकारीमा बढे पनि देशको विकराल राजनीतिक अस्तव्यस्तताले समुदायमा नराम्रो प्रभाव पारेको थियो । खासगरी उपत्यकाको महत्वपूर्ण जिल्ला भइकन पनि आर्थिक सामाजिक एवम् भौगोलिक विषमताले पिछडिएको ललितपुर जिल्लाबासीहरुमा यसको प्रभाव झनै बढी देखिएको थियो । लामो द्वन्द्वको घाउमा पिल्सिएर दोस्रो जनआन्दोलनको विजयसँगै ललितपुरको आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकासका लागि अभियान अपरिहार्य थियो। सहकारीले आफ्ना सदस्यहरुको जीवनस्तर उकास्दै समाजमा सहकारी संस्कृतिको निर्माण मार्फत् समग्र जिल्लाको विकास अभियानमा योगदान पुर्‍याउँछ भन्ने आत्म विश्वासका साथ केही कर्मठ, जोश र जागर भएका शिक्षित युवाहरुको विशेष पहलमा वि.सं. २०६३।१२।२४

मा प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको स्थापना भयो । खास गरी पूँजी नभएकालाई पूँजी उपलब्ध गराउने तथा पूँजी भएकाहरुबाट पूँजी सङ्कलन गरी परिचालन गर्दै आम ग्रामीण एवम् विपन्न सदस्यहरुलाई लाभ प्रदान गर्ने उद्देश्यका साथ स्थापित प्रतिभा साकोसले स्थापनाकालदेखि हालसम्म जिल्ला भित्र आफ्नो कार्य थलो बनाई दक्षिण ललितपुरको ग्रामीण भेगदेखि ल.पु.उ.म.न.पा. का वडाहरुमा आफ्नो वित्तीय कार्यहरु गर्दै आएको छ। भूगोल, धर्म, जातजाति, राजनीतिक विचार, लिङ्ग, वर्ग तथा गरिब कुनै कुरामा भेदभाव नराखी काम गर्ने यस प्रतिभा साकोस जिल्लाकै समुदायमा आधारित सुसंस्कृत समुदायको आर्थिक सङ्गठनको रुपमा स्थापित भएको छ।

वहुजातीय, वहुभाषिक एवम् वहुसंस्कृतिले सम्पन्न यस जिल्लाको दक्षिण भेगका ग्रामीण भेगदेखि नगरभित्र बसोबास गर्ने आर्थिक रुपमा विपन्न शेयर सदस्यहरुको आर्थिक, शैक्षिक, सामाजिक विकासका लागि बचत तथा ऋण कारोबारका आतिरिक्त व्यावसायिक एवम् सामाजिक गतिविधिहरु सञ्चालन गर्दै आएको छ। स्थापनाको सातौँ वसन्त पार गर्दासम्म यस संस्थाले वित्तीय एवम् सामाजिक रुपमा हासिल गरेको उचाइले समुदायप्रतिको जिम्मेवारीलाई थप गहन बनाएको छ। जिल्ला भित्रका १००० सदस्यबीच आफ्नो व्यावसायिक गतिविधि सञ्चालन गरेको यस संस्थाले सञ्चालन गर्ने व्यावसायिक क्रियाकलापले हाम्रो कार्यक्षेत्र भित्रका शेयर सदस्यहरुलाई स्वरोजगार बनाउँदै गरिबी निवारणमार्फत् समुन्नत नयाँ नेपाल निर्माणमा सहयोग पुऱ्याउने लक्ष हाम्रो संस्थाको रहेको छ। हाम्रो यस अभियानमा हात मिलाउने हाम्रा शुभचिन्तक, शुभेच्छुक एवम् समस्त शेयर सदस्यहरुप्रति आभार व्यक्त गर्दछौँ। प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. ले स्थापनादेखि हालसम्म सञ्चालन गरेका विभिन्न क्रियाकलापहरुबाट प्रत्यक्ष लाभ लिई सफल हुनुहुने समस्त सदस्यहरुको विगत एवम् वर्तमानलाई स्मरण गर्दै यो सानो पुस्तक पस्केका छौँ । हाम्रो यस प्रयासबाट संस्थाका अन्य शेयर सदस्य तथा शुभचिन्तकहरुमा महत्वपूर्ण ज्ञान प्रदान गर्न सहयोग पुग्ने अपेक्षा गरेका छौं ।

संस्थाको आठौ वार्षिक साधारण सभाको अवसर पारेर प्रकाशन गरिएको यस प्रकाशनका लागि आफ्ना शुभकामना मन्तव्य, लेख, रचनाहरु उपलब्ध गराई सहयोग गर्नु हुने विद्वान एवम् अग्रणी व्यक्तित्वहरुप्रति हार्दिक कृतज्ञता जाहेर गर्दछौँ। प्रकाशन कार्यमा सहयोग पुऱ्याउनुहुने संस्थाका सञ्चालक, कर्मचारी लगायत समस्त शेयर सदस्य महानुभावहरुमा धन्यवाद ज्ञापन गर्दछौँ। समय र सम्पर्कको छोटो प्रयासबाट प्रकाशन गरिएको यस पुस्तकमा देखिएको कमी तथा कमजोरीहरुलाई मानवीय त्रूटिका रुपमा लिई ग्रहण गरिदिनु हुने अपेक्षा गर्दछौँ।

अन्त्यमा, प्रतिभा साकोसको यस सफलतामा आफ्नो भविष्य र सफलता जोड्नुहुने समस्त सदस्यहरुको पूर्ण सफलताको कामना गर्दछौँ।

जय सहकारी !

२०७१ कात्तिक २९ ।

–सम्पादक मण्डल

प्रतिभाका सफलताहरु २०७१

यसभित्र

खण्ड १ : लेख रचना

खण्ड २ : प्रतिभाका सफलताहरु

खण्ड ३ : तस्वीरमा प्रतिभा

खण्ड १

अध्यक्षको कलमबाट.....

रामहरि बजगाईं

विश्वमा सन् १४९८ देखि सहकारीमार्फत् आर्थिक सामाजिक विकासमा संस्थागत प्रयासको थालनी भएको भए पनि सन् १८४४ मा पहिलो आधुनिक सफल सहकारीको स्थापना भई यस क्षेत्रलाई निर्दिष्ट सिद्धान्त र मूल्यहरुमा सञ्चालन र व्यवस्थापन गर्ने अभ्यास सुरु भएको हो। नेपालको परिवेशमा भने सहकारीको अभ्यास सामाजिक परम्परा (गुठी, ढुकुटी) मा सीमित रहन गई लामो समयसम्म व्यावसायिक विधिको रुपमा प्रयोगमा आउन सकेन। उपयुक्त राजनीतिक वातावरणको अभाव र नेपालको विदेशी मुलुकहरुसँग जनताको तहमा सहकार्य र सम्बन्ध ढिलो विस्तार हुनुले पनि हाम्रो पहुँच सहकारी विकासमा विश्व सामु पुग्न सकेन। ढिलो भए पनि नेपालमा २०१३ साल देखि सहकारी संस्थाको सुरुवात भएको र २०४६ सालको जनआन्दोलन, २०४८ सालको सहकारी ऐन, २०४९ सालको नियमावली पश्चात् मात्र सहकारी आर्थिक, सामाजिक विकासमा योगदान पुऱ्याउने तहमा पुग्दै आएको हो।

सन् १९८० र १९९४को दशक को विश्वव्यापी उदार अर्थव्यवस्थाको अभियानले आजका विकसित मुलुकहरुलाई समृद्ध बनाउने सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा अनुकूल वातावरण नगरिए पनि यो समयसम्म सहकारीले आफ्नो भूमिका निर्वाहमा कमी देखाएका थुप्रै प्रमाणहरु छन्। सन् २००८ देखि विश्वले व्यहोरिरहेको आर्थिक तथा वित्तीय सङ्कटले पनि सहकारी क्षेत्रलाई प्रतिकूल असर पार्नुको साटो सहकारी विधिबाट उद्योग व्यवसायहरु सफल रहनुले पनि सहकारी क्षेत्रको महत्वलाई बढाएको पाइन्छ। १८ औं तथा १९ औं शताब्दीको औद्योगिक क्रान्तिले सिर्जना गरेका श्रम क्षेत्रका समस्याहरु १९ औं शताब्दीको मध्यतिर कृषि मन्दीले सिर्जना गरेका युरोपका ग्रामीण तथा सहरका गरिब जनताको पीडा, सन् १९३० को महान् आर्थिक मन्दी, हालका वर्षहरुमा देखिएका वित्तीय तथा आर्थिक सङ्कटमा समेत सहकारी विधिबाट व्यवसायहरु दीगो र जनमैत्री भएको तथ्यहरुबाट पुष्टि हुन्छ।

नेपालको अन्तरिम संविधान २०६३ ले नेपालको आर्थिक विकासका लागि सरकार, सहकारी र निजीक्षेत्रको साझा प्रयास अर्थात् ३ खम्बे अर्थनीतिलाई स्वीकार गरेको छ। संविधानपछिका योजनाहरुले समेत सहकारी क्षेत्रका विकासका लागि नीति तथा कार्यक्रमहरु निर्माण गर्ने काम भएको छ। यसबाट पनि के पुष्टि हुन्छ भने नेपालमा सहकारीमार्फत् नै आर्थिक सामाजिक र सांस्कृतिक विकास हुनेमा द्विविधा लाग्दैन भन्ने मलाई लाग्दछ।

मानिसका आवश्यकत्ताहरु असीमित छन् । असीमित आवश्कताहरुलाई मानिसले आफूसँग भएको सीमित स्रोत र साधनले आवश्यकताको प्राथमिकताको आधारमा क्रमशः पूरा गर्दै जान्छ। मानिसको सर्वाङ्गीण विकासको निमित्त आर्थिक पक्षको भूमिका पनि अहम् रहेको हुन्छ। सबल आर्थिक अवस्थाबाट मात्र सामाजिक एवम् मानवीय आवश्यकताहरु समाधान गर्न सकिन्छ। समुदायमा आर्थिक विकासको पाटोलाई समृद्ध बनाई परनिर्भरताको अवस्थाबाट मुक्त बनाई आत्मानिर्भर र स्वाभलम्वी बनाउने अभिप्रायका साथ आजभन्दा ८ वर्ष अगाडि २०६२।०६३ को जनआन्दोलन भाग २ को सुरुवात भएको दिन २०६२ साल चैत्र २४ गते लगनखेलमा प्रारम्भिक भेला बसी विभिन्न समस्याहरुलाई चुनौती दिँदै मिति २०६३।०२।३१ गते डिभिजन सहकारी कार्यालय ललितपुरमा प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को जन्म भएको हो। सो समयमा धेरै संस्थाहरु बन्द भएको स्थिति रहेको थियो। उक्त चुनौतीहरुको अवस्थामा संस्था खोलिएको हो। संस्था खोलिएपश्चात् चुनौतीलाई अवसरमा बदल्दै संस्था अगाडि बढाइयो र हालसम्ममा शेयर सदस्य १०१५, शेयरपूँजी १,१९,९१,५००।- निक्षेप कारोबार ६,२५,९४,०००।- र कर्जा कारोबार ६,३७,७८,०००।- गर्न प्रतिभा सफल भएको छ। यतिले मात्रै प्रतिभा परिवारलाई पुग्दैन। यस संस्थाले समाजलाई केही गरेर देखाउनु पर्छ। संस्थाको सबैभन्दा ठूलो सम्पत्ति भनेको आर्थिक पारदर्शिता, सञ्चालकको इमान्दारिता र लगनशीलता हो। यसलाई संस्थाले मेरुदण्डको रुपमा लिनुपर्छ। प्रतिभा यस विषयमा सजक र सतर्क छ। काम गर्ने सन्दर्भमा प्राप्त राम्रा पक्षहरुलाई अनुभवको रुपमा ग्रहण गरी संरक्षण गर्ने र नराम्रा पक्षहरुलाई त्याग्दै जाने कार्यलाई निरन्तरता दिनुपर्छ। गल्ती, डाह, लोभ त्यागेर जानुपर्छ भन्ने विषयलाई प्रतिभाले व्यवहारमा उतार्दै आएको छ।

यस साधारण सभाको चरणसम्म आइपुग्दा संस्थाको शेयर सदस्य १०१५ पुगेको छ। लक्ष्यअनुरुप उपलब्धि हासिल हुन नसक्नु संस्थाको कमजोरी रहेको छ। यसलाई पुन मूल्याङ्कन गरी सुधार गर्नुपर्छ। युवा स्वरोजगार कोषमार्फत् युवा स्वरोजगार कर्जा र राष्ट्रिय सहकारी बैंकमार्फत् लघु कर्जा आकर्षणमा बृद्धि भएको छ। शेयर सदस्यहरुमा पनि सहकारी भावना बृद्धि र विकास भएको छ।

प्रतिभा गाउँ स्तरमा मात्र नभई राष्ट्रिय स्तरमा समेत आफ्नो उपस्थिति जाहेर गर्न सफल भएकोले सहकारी क्षेत्रमा भएका राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभवहरु समेत हासिल गर्न सफल भएको हुँदा काम गर्ने क्षेत्र बिस्तार र मार्ग प्रशस्त गर्न बल पुगेको छ। आजको युग प्रतिस्पर्धाको युग हो। समाजको हरेक क्षेत्रमा प्रतिस्पर्धा छ। आर्थिक क्षेत्रमा झन् बढी प्रतिस्पर्धा छ। संस्थाहरु च्याउ उम्रेझैं उम्रिरहेका छन्। सहकारीका सिद्धान्तलाई आत्मासाथ गर्न भन्दा पनि देखावटी र आकर्षक कार्यक्रम देखाएर फूस्रो आडम्बर गरेर संस्था सञ्चालनमा ल्याइएको देख्न र सुन्न पाइएको छ। तर हामी स्वस्थ प्रतिस्पर्धाको पक्षमा छौं। स्वस्थ प्रतिस्पर्धाबाट आफूलाई अग्रस्थानमा राख्न चाहन्छौं। नेताको निर्देशनभन्दा नीतिको निर्देशनलाई अनुशरण गर्दछौं। हरहमेसा संस्थाको उन्नति, अग्रगतिको पक्षमा रहन चाहन्छौं। एउटै उद्देश्य भएको संस्थामा सदस्य बनेका सदस्यलाई हामी सदस्यता दिँदैनौं। दोहोरो सदस्यता हामी बन्द गर्दछौँ। समयअनुसार संस्थालाई परिस्कृत गरी संस्थामा आबद्ध शेयर सदस्यहरुको स्वाभिमान कायम राखी शिर उच्च राख्न चाहन्छौं।

भौगोलिक हिसाबले पनि ललितपुर ३ क्षेत्रमा विभाजित छ -पहाड, काँठ र नगर । त्यसमा पनि विशेष गाउँलाई फोकस गरी कार्यक्रम र सेवा दिँदै आइरहेका छौँ । शेयर सदस्यहरुलाई समुदायमा कार्यरत अन्य वित्तीय कारोबार गर्ने संस्थाहरुभन्दा उन्नत दर्जाको प्रतिस्पर्धात्मक र सबैभन्दा अग्रणी रहेको संस्थाको रुपमा प्रतिभालाई स्थापित गर्न चाहन्छौँ ।

संस्थाको विगतदेखि वर्तमानसम्मको अवस्थालाई दृष्टिगत गर्दा संस्थाको भविष्य उज्ज्वल छ । जनविश्वास र आस्थामा बृद्धि भएको छ । आर्थिक विकास गरी सवल संस्थाको रुपमा विकास गर्न सक्ने धेरै सम्भावनाहरु रहेका छन् । अब प्रतिभा सीमित क्षेत्रमा मात्र नभई अलि फराकिलो हुनु जरुरी छ । समुदायबाट प्रतिभा साकोससँग धेरै अपेक्षा राखिएको छ । कार्यक्षेत्र भित्रका अधिकांश मानिसलाई समेटी विभिन्न संस्थाहरुमध्ये नेतृत्वदायी संस्थाको रुपमा उभ्याउन सक्नुपर्छ । सदस्यहरुको भावना र विचारलाई उच्च प्राथमिकतामा राखी बदलिँदो समय र परिस्थिति अनुसार रुपान्तरण गरी अग्रणी संस्थाको रुपमा स्थापित गर्नुपर्छ । सहकारी शिक्षामार्फत् सदस्य संख्या बृद्धि गर्न संस्थाले पहल गर्नुपर्छ । समान उद्देश्य भएका आर्थिक कारोबार गर्ने अन्य वित्तीय संस्थाहरुभन्दा बचत तथा ऋण कारोबार गर्ने संस्था नै भरपर्दो हुनसक्छ भन्ने कुरालाई सार्थकता बनाउन प्रयत्नशील रहनुपर्छ । सामाजिक सद्भाव र सहअस्तित्वको भावनालाई कायम राख्न हरहमेसा क्रियाशील रहनुपर्छ ।

अन्तर्राष्ट्रिय सहकारी महासंघले प्रतिपादन गरेका सहकारीका सात सिद्धान्तहरुमध्ये शिक्षा, तालिम र सूचना एक महत्वपूर्ण सिद्धान्त हो । नेपालको सन्दर्भमा पनि सहकारीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरोकार राख्ने सबैका लागि सहकारी शिक्षाको आवश्यकता बढेर गइरहेको छ । यही विषयलाई मध्यनजर राख्दै प्रतिभा साकोसले आफ्ना सदस्यहरु संस्थाबाट कति लाभान्वित भए ? कति सफल व्यवसाय गर्न सके ? ती सबैमध्ये केही आंशिक रुपमा सदस्यको परिचय, आर्थिक परिवर्तन र सदस्यको अपेक्षाका विषयमा सातौँ वसन्त पार गर्दै आठौँ वार्षिक साधारण सभा सम्पन्न गर्ने अवसरमा यो पुस्तक सम्पूर्ण शेयरसदस्य र गैरसदस्यमाझ पुऱ्याउन कोसिस गर्दै संस्थाको बारेमा छोटकरीमा चित्रण गरी सदस्यहरुमाझ पस्केका छौँ । आशा छ, यस प्रकारले सदस्यहरुको आत्मबल र विश्वास अझ प्रगाढ ढङ्गले बढ्न जाने छ भन्ने पनि हामीले महशुस गरेका छौँ र आगामी दिनमा पनि यसैगरी सदस्यहरुको जीवनस्तर परिर्वतन गर्नमा प्रतिभाको भूमिका कति छ या छैन, ती विषय समय सापेक्ष रुपमा ल्याइने नै छ ।

अन्त्यमा यस पुस्तकका लागि अमूल्य लेख, रचना उपलब्ध गराउनुहुने सञ्चालकज्यूहरु, शेयर सदस्यज्यूहरु, शुभकामना दिनुहुने सम्पूर्ण बौद्धिक सहकारी अभियानका महान् व्यक्तित्वहरु, प्रकाशन कार्यमा सहयोग गर्नुहुने युवा उपसमितिका संयोजक उमेश घिमिरे, सहकारीमा मलाई प्रवेश गराउने आदरणीय दाइ शिव प्रसाद कट्टेललगायत यस कार्यमा सहयोग गर्नुहुने समस्त शेयर सदस्यहरुलाई हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । धन्यवाद । जय सहकारी !

❁❁❁

व्यावसायिक योजनालाई प्राथमिकता दिइएको छ

रेवती प्रसाद दाहाल

हामीले प्रतिभा बचत तथा ऋण सहकारी संस्था सुरु गर्ने छलफल गरिरहँदा लगनखेलदेखि इमाडोलसम्म थुप्रै सहकारी संस्थाहरु क्रियाशील भइसकेका थिए। २०६३ सालको सुरुवातमै केही साथीहरुको बीचमा सहकारी संस्था सञ्चालन गर्ने विषयमा टुङ्गोमा पुगियो र दर्ता पनि गरियो। जिल्लाभित्र व्यावसायिक उद्देश्यले क्रियाशील सहकारी संस्था थुप्रै थिए। तसर्थ व्यावसायिकताका अतिरिक्त सामाजिक रुपमा समुदायमा आधारित संस्थाको रुपमा प्रतिभा साकोसलाई स्थापित गर्दै अघि बढ्नु पर्छ भन्ने हाम्रो उद्देश्यअनुरुप नै हामी अघि बढ्यौं। संस्था सुरु गर्दाका बखत हाम्रो समूहमा जे सल्लाह र उद्देश्यका बारेमा छलफल भएको थियो सोही अनुरुप संस्थाका वित्तीय एवम् सामाजिक गतिविधिहरु अगाडि बढाउने काम भयो। बढीभन्दा बढी शेयर सदस्यहरुलाई सेवा प्रदान गर्दै आएको हाम्रो संस्था भित्र भएको इमान्दारिता र समस्त शेयर सदस्यहरुको सद्भाव र सहयोगले संस्थाको सामाजिक हैसियत र छवी समेत उचाईमा पुग्न सफल भएको छ। सपना ठूलो देख्ने तर सफलताको लागि एक पाइला नचाल्ने संस्कारले धेरै संस्थाहरु असफल भइरहेको वर्तमान अवस्थामा हामीले देखेको सपना साकार पार्न हामी लगनशील र मनमष्तिक देखि नै निरन्तर लागि पर्‍यौं। समयको गतिसँगै आज हामी पनि परिवर्तन भएको अनुभूति गरिरहेका छौं।

राजधानीसँग जोडिएर पनि ललितपुर जिल्लाका थुप्रै गाविसहरु अहिले पनि सामाजिक र आर्थिक हिसाबले निकै पछाडि परेका छन्। यहाँका थुप्रै गाविसहरुमा सयौं थरिका आयमूलक खेती गर्न सकिने र पशुपालनबाट प्रसस्त आम्दानी गर्न सकिने प्रचुर सम्भावना रहेको छ। यही सम्भावनालाई देखेर पनि हामीले समुदायमा आधारित यस संस्थाको गतिविधि त्यसतर्फ अघि बढाएका छौं। प्राकृतिक रुपले समेत सुन्दर हाम्रो यस जिल्लाको दक्षिणमा रहेका विकट गाविसदेखि नगरका २२ वटै वडामा पर्यटन तथा अन्य उत्पादनमूलक व्यवसायको सम्भावना प्रचुर रहेको छ। संस्थाको समग्र अवस्थालाई हेर्दा हामीले अपेक्षा गरेबमोजिमको सफलता अझै प्राप्त गर्न सकेका छैनौं। कार्य क्षेत्रमा भएका यस्ता सम्भावनाहरुलाई हामीले हाम्रो सहकारीमार्फत् काममा परिणत गरी जब फल प्राप्त गर्छौं, तबमात्र हामीले चाहेको त्यो इच्छा पूरा हुन्छ भन्ने लागेको छ। परापूर्व कालमा जुन ढङ्गको सहकार्य थियो, त्यसले व्यावसायिक रुप लिन नसक्दा हामी धेरै पछि पर्‍यौं तर आज हामी जसरी सहकार्य गर्न आतुर छौं र गरिहेका छौं, त्यसैको परिणामले हामीमा पनि धेरै परिवर्तन गराएको छ। एक घरपरिवारमा जुन किसिमको सहकार्य हुन्छ, त्यस्तै सहकार्य

गर्दै हामी तपाईँहरु सामू निरन्तर खटिइरहेका छौँ । तपाईँ हाम्रो सामुहिक सहकार्यबाट प्रतिभाले आर्जेको यो सफलतालाई अझ अघि बढाउन आफ्नो निजी रकम खर्चेर स्वदेश र विदेशका थुप्रै तालिम, गोष्टि र सेमिनारमा गएका छौँ । निजी खर्चमा गएर भए पनि कसरी सहकारी सञ्चालन गर्ने र सहकारी कस्तो संस्था रहेछ भन्ने बारेमा थुप्रै ज्ञान हासिल गरेका छौँ । हामीले सिकेका यिनै ज्ञानलाई व्यावहारिक रुपमा उपयोग गर्दै अघि बढिरहेका छौँ । सामाजिक रुपमा हामीले बोकेको दायित्वबमोजिम हाम्रा सामाजिक गतिविधिलाई सधैँ प्राथमिकतामा राखेर सञ्चालन गरिएको छ । इमान्दार र केही गर्छु भन्ने हाम्रा शेयर सदस्यको इच्छाबमोजिम व्यावसायिक गतिविधिमा तीव्रता दिएका छौँ । तपाईहरुले आर्थिक रुपमा सवल र सक्षम बन्न तयार पार्नु भएको योजनामा संस्थाले सधैँ साथ दिइरहेको छ र दिइरहने छ । लगानीको अभावमा हाम्रा कुनै पनि सदस्यहरुको व्यावसायिक योजना त्यतिकै थाँती नरहोस् भन्ने हाम्रो चाहना रहेको छ । सानो लगानी र निरन्तरताबाट सफल बनेका थुप्रै उदाहरणहरु हामीसामु छर्लङ्ग छन् । तसर्थ हामी पनि सानो प्रयासबाट सफल बन्ने सोचका साथ लागी परौँ । प्रतिभाले तपाईँलाई अवश्य सफल बनाउने छ । तपाईँहरुको माया, विश्वास, सद्भाव र सहकार्यले प्रतिभा साँच्चै प्रतिभा बन्ने छ । त्यो दिन को प्रतीक्षा गरौँ, जुन दिन तपाईँ पनि सफल, प्रतिभा पनि सफल ।

जय सहकारी !

अब सहकारीको भूमिका परिवर्तन हुनुपर्छ

बल बहादुर के.सी.
सचिव

सहकारीको उत्पत्ति तत्कालीन वर्गसङ्घर्षको उत्प्रेरणाबाट भएको हो । शोषणबाट उन्मुक्ति पाउनका लागि शोषित वर्गले उठाएको एउटा कदम हो, जुन कदम अहिले संसारकै मध्यम वर्गदेखि गरिब सर्वहारावर्गसम्मको आर्थिक र सामाजिक जीवनको समृद्धिको आधार बनेको छ । संसारको आर्थिक क्षेत्रको सबैभन्दा ठूलो सङ्गठित शक्ति पनि सहकारी क्षेत्र नै हो । कुनै वर्ग, लिङ्ग, राजनीतिक सामाजिक वा धार्मिक भेदभाव बिना आपसी हितमा आधारित भएर चल्ने एउटै मात्र सङ्गठन पनि सहकारी नै हो । आज संसारका विकसित राष्ट्रहरुको सफल र दीगो आर्थिक अभियानको चुरो पनि सहकारी नै हो । हाम्रोजस्तो आर्थिक, सामाजिक, राजनीतिक, भौगोलिक, धार्मिक, सांस्कृतिक र जनजातिले विविधतायुक्त मुलुकको समग्र आर्थिक जीवनलाई एकसाथ माथि उठाउन सक्ने भरपर्दो माध्यम सहकारी मात्र हो ।

नेपालमा २०१३ साल चैत्र २० गते चितवनमा बखान ऋण सहकारीको स्थापना भई सहकारी आन्दोलनको सूत्रपात भएता पनि यो अभियान सङ्गठित, व्यवस्थित रुपमा सञ्चालन हुन नसकी झण्डै ३५ वर्षसम्म सुषुप्त अवस्थामा नै रह्यो । प्रजातन्त्रको पुनर्बहालीपछि २०४८ सालमा सहकारी ऐनको तर्जुमा भई लागू भएपछि नेपालको सहकारी अभियान द्रूतगतिमा अगाडि बढ्यो । जसको परिणामस्वरुप अहिले मुलुकमा ३० हजारभन्दा बढी सहकारी संस्थाहरु स्थापना भइसकेका छन् । हामी नेपालीको विशेषता भनौँ या कमजोरी, कुनै पनि नयाँ अभियानमा अन्धाधुन्धसँग लाग्छौँ र विकृतिको कम ख्याल गर्छौँ । हाम्रो सहकारी अभियानमा पनि कतै विकृति, विसङ्गतिले जरा गाड्न लागेको छ कि ? सहकारी अभियान मूलमर्मबाट बाहिरिँदै छ कि ? यस विषयमा सहकारीका अभियान्ताहरुले सोच्न ढिला भइसक्यो ।

सहकारीले आफ्ना सदस्यहरु आर्थिक जीवनको कुन बिन्दुमा ठगिएका छन्, सो कुराको पहिचान गरी त्यसमाथि सहकारीको सङ्गठित शक्ति र एकत्रित पूँजीको परिचालनले प्रहार गरी शोषणबाट मुक्त गराउनु उसको पहिलो कर्म हुनुपर्छ । सहकारी यही मर्मले सूत्रपात भएको हो तर हाम्रो सहकारी अभियानले यो भूमिका सन्तोषजनक रुपमा निर्वाह गर्न सकेको छैन । हरवस्तुको उत्पादक र उपभोक्ताबीचको मूल्यमा ठूलो खाडल छ र हरेक आर्थिक क्रियाकलापमा विचौलियाको ठूलो बोलवाला छ । जहाँ हाम्रो अभियानको प्रहार हुनुपर्थ्यो त्यहाँ हुन सकिरहेको छैन । हाम्रो सन्दर्भमा उत्पादक, वितरक र सेवामूलक व्यवसायका सहकारीहरु अत्यन्त कम भए र बचत तथा ऋण सहकारीहरु आवश्यकताभन्दा बढी भए, अनियन्त्रित भए, यिनैमा धेरै विकृति विसङ्गतिहरु

भित्रिए । सहकारीको मर्म र कर्म नबुझिकन सहकारी चलाउनेहरु र बदनियत राखेर सहकारी चलाउनेहरु दुबैका कारण सहकारी अभियानमा केही भद्रगोलको स्थिति सिर्जना भएको छ । यसतर्फ पनि सहकारी अभियानले सचेत हुनैपर्छ । जागिर, उद्योग, व्यवसाय केही नगर्ने आफ्नो पेशा सहकारीकर्मी बताउने र भट्किलो आर्थिक क्रियाकलाप देखाउनेहरुप्रति पनि निगरानी राख्नै पर्छ किनभने सहकारीकर्मी आफैँमा पेशा होइन ।

हाम्रो सहकारी अभियानले सामाजिक रुपमा आफ्ना सदस्यहरुको शिर ठाडो राख्न ठूलो भूमिका निर्वाह गरेको छ। हिजोका दिनमा थोरै ऋण सापटी लिन जाँदा पनि साहुमाहाजनकोमा कोसेलीपात लिएर जानुपर्ने, शिर झुकाउनुपर्ने र चर्को ब्याज त छँदै थियो, त्यसमा पनि गाउँघरमा त खेतीपातीको समयमा खेताला सहयोग गरिदिनुपर्ने आदि शोषणका अनेक रुप थिए । सहकारी अभियानले त्यसलाई धेरै हदसम्म अन्त्य गरेको छ, बचत गर्ने बानी बसालेको र छरिएर रहेको सानो-सानो पूँजीलाई एकत्रित गर्ने काम गरेको छ, यो सहकारीको सुन्दर पक्ष हो । तर यतिमात्रले आर्थिक समृद्धिको आधार बन्दैन । बचत गरेर आर्थिक जीवनस्तर माथि उठ्ने होइन बचत परिचालन गरेर जीवनस्तर माथि उठ्ने हो । यतिखेर भइराखेको के हो भने सामान्य सदस्यहरुले बचत गरिरहन्छन् र टाठा बाठा सदस्यहरुले सहज रुपमा ऋण प्राप्त गरी पेशा व्यवसाय गर्छन् र कमाउँछन् । यसलाई अन्याय भयो भन्न त मिल्दैन किन भने ऋण प्राप्त गर्ने अधिकार सबैलाई समान छ ।

खास कुरा के हो भने अब सहकारी समानताको व्यवहारले मात्र होइन समताको व्यवहारले चलाउनुपर्छ । आफ्ना सदस्यहरुको भूगोल, उनीहरुसँग भएको सीप, योग्यता, क्षमताको पहिचान गर्ने अनि बजारको अवस्था विश्लेषण गरी कुन वस्तु तथा सेवाको उत्पादन तथा वितरणमा आफ्ना सदस्यहरु योग्य छन उनीहरुलाई आवश्यक तालिम र पूँजीको व्यवस्था गरी बजारसँग जोडिदिनेसम्मको भूमिका सहकारीले गरिदियो भने सदस्यहरु उद्यमी, व्यवसायी बन्ने छन् , स्वरोजगार बन्ने छन् र आर्थिक समृद्धि हाँसिल गर्ने छन् ।

आफूसँग भएको नदेख्ने, नभएको कुरा खोज्दै भौँतारिने, बाबुआमा खेतीपाती र आफ्नो व्यवसाय चलाउन मान्छे नपाएर भौँतारिँदै हिँड्ने अनि छोराछोरी जागिर नपाएर भौतारिँदै हिड्ने यो अवस्थाबाट समाजलाई मुक्त पार्ने भूमिका अब सहकारीको हुनुपर्छ ।

प्रतिभा साकोसको आर्थिक पक्ष

बेन प्रसाद तिमल्सिना

तत्कालीन सरकारले लिएको खुल्ला तथा उदार अर्थनीतिलाई सफल पार्न शहरदेखि गाउँसम्म छरिएर रहेको स-सानो पूँजीलाई समुदायमा आधारित सहकारीका माध्यमबाट सदस्यहरुलाई एकीकृत गर्दै बचत गर्ने बानीको विकास गराउन तथा सङ्कलित पूँजीलाई स्थानीय आवश्यकता अनुसार आफ्नै सदस्यबीच लगानी गरी बढी उत्पादनमूखी बनाउने अभिप्रायले सहकारी ऐन २०४८ जारी भयो। सोहीअनुसार हाम्रो संस्था प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.ले पनि संस्थाको स्थापनापश्चात् एक अर्कालाई चिन्ने र सहकार्य गर्ने साझा थलो निर्माण गरिदिएको छ। हरेक ऋणदाता र ऋणीले असल कार्यका लागि नै काम गरिरहेका हुन्छन् नै यसो हुँदाहुँदै पनि सदस्यले ऋण लिएर उत्पादन कम हुने क्षेत्रमा खर्च गर्नु, शेयर सदस्यहरुले बचत तथा ऋणमा पूर्णतया वित्तीय अनुशासन कायम गर्न नसक्नु हाम्रा यथार्थता हुन्। आगामी दिनमा लगानी पूर्व पूँजी परिचालनमा दुबै पक्षबाट पूर्ण सचेतता अपनाउनुपर्ने देखिन्छ। सहकारी संस्था सहकार्यको प्रतीक हो। सद्भाव र एकताको नमुना हो, यसलाई हुर्काउन, बढाउन र समृद्धशाली बनाउन तपाई शेयर सदस्य महानुभावहरुको माया ममताको आवश्यकता पर्दछ। अन्य वित्तीय संस्थाहरुसँग खाता खोली आर्थिक कारोबार गरिरहनुभएका शेयर सदस्य महानुभावहरु यस संस्थालाई आफ्नै सस्था सम्झी यसै संस्थाबाट आर्थिक कारोबार गरिदिनु हुनसमेत विषेश आग्रह गर्दछु।



आजको वर्तमान अवस्थामा प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर उपमहानगरपालिकाका केही वडा, डुकुछाप, छम्पी र बुङ्गमती गाविसवाहेक जिल्लाभर कार्यक्षेत्र रही यस संस्थाले शेयर सदस्यको हितमा कार्य सञ्चालन गर्दै आएको सातौं वसन्त पार गरिसकेको छ। सानो सदस्य संख्या र फितलो शेयर पूँजीबाट सञ्चालनमा आएको यो संस्था तपाईं शेयर सदस्य शुभचिन्तकहरुको अपार

माया, ममता र सहकार्यबाट आज २०७१ आषाढ मसान्तसम्म आइपुग्दा ७६८३९९६४.१४ बराबरको वासलात विवरण बनाउन सफल भएको छ।

कारोबार सुरु भएको आर्थिक वर्ष २०६३/०६४ को आषाढ मसान्तको वासलात विवरण र यस अ.व.२०७१ को आषाढ मसान्तको माथि प्रस्तुत वासलात विवरणबाट तुलना गरी हेर्दा शेयर पूँजीमा ७२४ प्रतिशतले बृद्धि भई रु. ११७५५३००.०० तथा बचतमा २१८१ प्रतिशतले बृद्धि गरी रु. ५११६०८४१.६४ कर्जा लगानीमा १०९३ प्रतिशतले बृद्धि गरी रु. ५४४८८०६६.०० पुगेको संस्थाको वित्तिय विवरणबाट प्रष्ट देखिन्छ।

गत आ.व. र यस आ.व. आषाढ मसान्तको तुलनात्मक दायित्व विवरण :





२०७० आषाढ मसान्तको तुलनामा यस वर्ष आषाढ मसान्तमा आइपुग्दा संस्थाको कूल कारोबारमा ५७ प्रतिशतले बृद्धि भएको तथा विभिन्न कोषहरुमा ३३ प्रतिशत, बचतमा ५३ प्रतिशत, कर्जा लगानीमा ४० प्रतिशत प्रगति भएको छ भने भुक्तानी दिनुपर्नेतर्फ २७ प्रतिशतले कमी भई संस्था आर्थिक रुपमा सवल बन्नेतर्फ अग्रसर भएको छ।

संस्था स्थापनाको सातौँ वसन्त पार गर्दासम्म आर्थिक रुपमा केही सवल बन्ने प्रयत्नमा योगदान गर्नुहुने तपाईँ शेयर सदस्यसहित सम्पूर्ण शुभचिन्तकमा हार्दिक आभार व्यक्त गर्दछु। साथै प्रतिभा साकोसको उन्नतिमा यहाँहरुको सदा सहयोगको अपेक्षा गर्दछु। जय सहकारी !

❁❁❁

सामाजिक र आर्थिक विकासमा प्रतिभा साकोस

उमेश घिमिरे

सहकारीको स्थापना समाजमा व्याप्त रहेको गरिबी, बेरोजगारी र आर्थिक शोषणबाट आफ्ना शेयर सदस्यहरुलाई मुक्त गरी उनीहरुको आर्थिक, सामाजिक र सांस्कृतिक हैसियत माथि उठाउनका लागि हो । यिनै उद्देश्य राखेर आज मुलुकभर हजारौँ सहकारीहरु जन्मिएका छन् । छरिएर रहेको सानो पूँजी सङ्कलन गरी बचत तथा ऋणको ठूलो आकारमा कारोबार गर्न सहकारीहरु सफल पनि भएका छन् । तर विडम्बना सहकारीमा सङ्कलन भएको यो पूँजी उत्पादनको क्षेत्रमा जान सकेको छैन । उत्पादनको क्षेत्र र व्यवसायको क्षेत्रमा सहकारी जान नसकेका कारण सहकारीले प्रत्यक्ष रुपमा उल्लेख्य रोजगारीको सिर्जना गर्न सकेको छैन । जसको कारण दैनिक हजारौँको सङ्ख्यामा युवाहरु रोजगारीको खोजीमा विदेशिएका छन् । आफ्ना गाउँघरमा व्यवसाय गर्न सकिने प्रसस्त सम्भावना भए पनि त्यसतर्फ कसैको ध्यान पुग्न नसकेका यावत् विषयवस्तुको पहिचान गरी त्यस्ता क्षेत्रमा बसोबास गर्ने शेयर सदस्यहरुमाझ आर्थिक क्रियाकलाप गर्ने उद्देश्यले प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको स्थापना भएको हो ।

ललितपुर जिल्लामा कृषि उत्पादन बढाई कृषिका उत्पादित वस्तुको बजारीकरण गर्नु आम जिल्लाबासीहरुको मुख्य आवश्यकता भएको छ । आधुनिक प्रविधि र विकासलाई कृषि उत्पादनमा लगाएर किसानहरुको जीवन स्तरमा सुधार ल्याउनु चुनौतिपूर्ण कार्य बन्दै आएको छ । उत्पादकहरुबीचको सहकार्य , समान वस्तुहरुको उत्पादमा सहयोग र आपसी सद्भाव, विश्वास जस्ता भावानात्मक र क्रियात्मक सम्बन्ध विस्तार गर्नु ललितपुर जिल्लाको आवश्यकता छ । सञ्चारका माध्यमहरुलाई अधिकतम उपयोग गर्दै उत्पादन र उत्पादित वस्तुहरुको प्रशोधन र बजारीकरण गर्नु अनि कृषि र कृषकहरुको आत्मविश्वास बढाउने कार्य पनि उत्तिकै आवश्यकताको रुपमा देखिएकाले सामुहिक प्रयासका रुपमा सहकारीहरुले काम गर्नुपर्ने हुनाले यस जिल्लामा सहकारीको महत्व र आवश्यकता झन बढेको छ । ललितपुर जिल्लाबासीहरुका यी र यिनै आवश्यकताहरुको समाधानका लागि प्रतिभा बचत तथा ऋण सहकारी संस्थाले आपसी सद्भाव र विश्वासका आधारमा समुहिक कार्य, सचेतना, अन्तरक्रिया जस्ता प्रकृयाहरुको थालनी गरेर समाजलाई सम्पन्न बनाउने साझा चौतारीको रुपमा आफूलाई आम जनमानसमा स्थापित गराएको छ । समाजमा विद्यमान आत्मविश्वासको कमी, झै-झगडा, कलह, आपसी मनमुटाव, हैसियतमा तल र माथिजस्ता नकारात्मक क्रियाकलापहरुलाई मेट्न संस्थाले समाजभित्र वित्तीय मात्र नभई सामाजिक क्रियाकलापहरुको समेत सञ्चालन गर्दै आएको छ । प्रतिभा बचत तथा ऋण सहकारी

संस्थाले समाजमा मुख्य गरी आर्थिक पक्षलाई सबल वनाउने कार्य गरिरहेको हुनाले आर्थिक हिसाबले पिछडिएका गाउँहरुमा आफ्ना वित्तीय कार्यक्रमहरुको सञ्चालनलाई मुख्य एजेण्डाको रुपमा अगाडि सारेको छ। स्थापनाको छोटो अवधिमै समुदायबीचमा आफूलाई स्थापित गर्दै आम समुदायको सुख दुःखमा यस संस्थाले आफ्ना सातौँ वसन्तहरु बिताएको छ। संस्थालाई एक सशक्त आर्थिक सङ्गठनको रुपमा विकास गर्न सक्षम नेतृत्व, लगनशील, कर्तव्यनिष्ट कर्मचारीको विकास गर्दै समाजका हरेक चासो र सामाजिक गतिविधिमा संस्था सहभागी हुँदै आएको छ। समुदायमा आधारित यस संस्थाले प्राप्त गर्ने आर्थिक लाभ सबै सदस्यहरुलाई समानुपातिक रुपमा वितरण गरिँदै आएको छ। विश्वको बदलिँदो आजको सूचना र सञ्चारको युगमा आम सदस्यहरुलाई सुसूचित गर्न सूचना प्रणालीलाई चुस्त दुरुस्त बनाउँदै आएको छ भने संस्थाले सहकारी शिक्षा, तालिम गोष्टि जस्ता प्रशिक्षण र शिक्षामूलक कार्यक्रमहरु समेत सञ्चालन गर्दै आएको छ। प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. का सबै सदस्यहरु समुदायकै भएकाले सदस्यहरुको क्षमता अभिबृद्धि, सीप विकास, अनुभव आदानप्रदान जस्ता कार्यक्रम सञ्चालन गरी समुदायका वहुसंख्यक मानिसलाई आय आर्जनको बाटोमा अघि बढाउने काम संस्थाले गरेको छ।

नियमित आयस्रोत नभएर दैनिक जीविकोपार्जनमा कठिनाइ भोगिरहेका यस संस्थाका शेयर सदस्यहरुलाई कृषि, पशुपालन, साना घरेलु उद्योग, ठेलागाडा, किराना तथा अन्य आयमूलक व्यवसायमा सहभागी गराई उनीहरुको जीवनस्तर उकास्न यस संस्थाले लघुवित्त कर्जा कार्यक्रम सञ्चालन गरेको छ। जिल्लाको ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका विपन्न वर्गका शेयर सदस्यहरुले उक्त कर्जाबाट प्रत्यक्ष लाभ लिइरहेका छन्। जोस र जाँगर भए पनि पूँजीको अभावमा केही गर्न नसकेका यस्ता सदस्यहरुलाई लघुवित्त कर्जा महत्वपूर्ण कर्जाको रुपमा रहेको छ। यति मात्र नभएर यस संस्थाले आफ्ना बेरोजगार शेयर सदस्यहरुलाई सम्मानजनक रोजगारीको सुनिश्चितता गर्दै ती युवाहरुको श्रम-शक्ति र सीपको सही सदुपयोग गरी उनीहरुको आर्थिक, सामाजिक र नैतिक हैसियत माथि उठाउन नेपाल सरकार अर्थ मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोषसँग सम्झौता गरी संस्थामार्फत् युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिरहेको छ। संस्थाले कोषसँग ५० लाख रुपैयाँको सम्झौता गरी करिब ३० लाख रुपैयाँ कृषि तथा अन्य स्वरोजगारमूलक क्षेत्रमा परिचालन गरेको छ। बिना धितो २ लाखसम्म प्रदान गरिएको यस्तो कर्जाको ब्याजदर सरल भएकोले उक्त कर्जा कार्यक्रम प्रभावकारी रुपमा आम युवावर्गमा सञ्चालन भएको हो। संस्थाले सञ्चालन गरेको वित्तीय कार्यक्रममध्ये यो एक सफल कार्यक्रम हो। साथै संस्थाले कृषि उत्पादन र परिचालन गरी आम सदस्यहरुको आर्थिक उन्नतिका लागि कार्य गर्दै आएको छ। यस्ता कार्यक्रमहरु सञ्चालन गर्दा संस्थाले आफ्नो रणनीतिक योजना अनुसार गर्ने भएकोले समेत संस्थाका वित्तीय कार्यक्रमहरु सफल भएका छन्।

यस संस्थाले सामाजिक न्यायको सिद्धान्तलाई आत्मैदेखि स्वीकार र अवलम्बन गरेका कारण संस्थाले समुदायप्रति सरोकार र चासो राख्दै विभिन्न सामाजिक कार्यहरु गर्दै आएको छ। विषम्

मौसम, वातावरणीय असर र प्रभावका कारण बेलाबेलामा हुने दैवीप्रकोप तथा माहामारीले मुलुकमा रगतको अभाव हुदा रक्तदान कार्यक्रम गरी रगत सङ्कलन गर्ने, भौगोलिक विकटता अनि राज्य र निजी क्षेत्रको पहुँच नपुगेका दूर्गम गाउँ र बस्तीहरुमा स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ। यस संस्थाले स्थानीय स्तरका साना समूहसँग सहकार्य गरी सञ्चालन गर्ने यस्ता स्वास्थ्य कार्यक्रमबाट ग्रामीण भेगका थुप्रै सदस्यहरुले लाभ लिन सफल हुनु भएको छ। संस्थाले आफ्नो स्थापनाको अवसर पारेर बिरामी परी हस्पिटलमा भर्ना भएका बिरामीहरुलाई फलफुल वितरण गर्ने तथा समाजका अन्य सरोकारका गतिविधिमा सहभागिता जनाउँदै सामाजिक विकासमा समेत महत्वपूर्ण भूमिका खेलेको छ। सहकारी व्यवसायसँग सम्बधित विभिन्न कार्यक्रमहरुमा स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा प्रतिनिधित्व जनाउँदै आफ्नो सहभागितामार्फत् सहकारी अभियानमा ऐक्येबद्धता जनाएको छ।

अन्त्यमा आजको युगको आवश्यकता भनेको आपसी सद्भाव, सहयोग र सामुहिक हितका लागि कार्य हो जुन सहकारीबाट मात्र सम्भव छ। यही व्यवसायको मर्मलाई आत्मसाथ गरेर स्थापनाको आठौँ वसन्तसम्म समान लगानी र समान मुनाफाको अवधारणा अनुसार सञ्चालित यस प्रतिभा साकोस आम ललितपुरबासीको आशाको केन्द्र बनेको छ। आफ्नो स्तर र इज्जतलाई माथि उठाउँदै सहकारी आन्दोलनको एक अंशको रुपमा स्थापित हुँदै अघि बढेको यस संस्था, समस्त सेयरसदस्यहरुको आशा र भरोसाको केन्द्रको रुपमा विकास हुँदै गएको छ। समस्त शेयर सदस्यहरुको माया, ममता, प्रेरणा र साथले आर्जन गरेको संस्थाको यो गरिमालाई आउँदा दिनमा अझ उँचो बनाउन सके हामी सबैको कल्याण हुने छ। संस्थाको प्रत्येक पाइलामा सबै सदस्यहरुको सफलताको दियो बलिरहोस्। जय सहकारी!

❁❁❁

स्वरोजगार कोषको कर्जा र बदलिँदो जीवन शैली

माधव प्रसाद घिमिरे

आज भन्दा करिब २५ वर्ष अगाडितिर हाम्रो समाजमा बैंक एवम् वित्तीय संस्थाको कर्जा लिने कुरा साधारण परिवारको मानिसको बसको कुरा थिएन । त्यतिखेर भर्खरै कृषि विकास बैंकले साना किसानका लागि भनेर केही कर्जा जग्गा धितो लिई दिने गरेको थियो । जसमा खेती, पशुपालन आदि शीर्षकमा ऋण दिने गरेको थियो । कृषि विकास बैंकका कर्मचारीलाई किसानले भेटेर ऋण प्रवाह गर्न अनुरोध गर्थे । त्यतिबेला सहकारी संस्थाहरु थिएनन् । समयले कोल्टो फेर्दै गएर बिस्तारै सहकारी संस्थाप्रति मानिसहरुको रुचि बढ्दै गयो । किनकि यसमा सामुहिक जमानतमा कर्जा पनि पाइने र आफूसँग भएको रकम बचतमा जम्मा गरेबापत केही ब्याज पनि पाइने हुनाले पनि शेयर सदस्य बनी एकताबद्ध रुपमा अघि बढ्ने प्रवृत्ति बढ्दै गयो । अब यतिखेर त सहकारी हरेकको जरुरी भइसक्यो तर यदाकदा कहिलेकाहीँ सहकारी संस्थामा देखिने विकृतिले पनि असर गरेको पाइन्छ । जसका कारण सहकारीप्रति शेयर सदस्यहरुको वितृष्णा बढ्दै गएको पनि पाइन्छ । बेलैमा सचेत भई व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सञ्चालकहरुले व्यवस्था मिलाउँदै जाने हो भने सहकारी संस्थाको भविष्य उज्ज्वल छ ।

नेपाल सरकारले सुरु गरेको युवा तथा साना व्यावसायी स्वरोजगार कोषको ऋण सहयोगले त शेयर सदस्यहरुको जीवनस्तर उकास्न ठूलै मद्दत गरेको पाइन्छ । यस प्रतिभा बचत तथा ऋण सहकारी संस्थाले पनि स्वरोजगार कोषको रकम लिई शेयर सदस्य माझ लगानी गरेको छ । जसले ऋण सहयोग प्राप्त गरी व्यवसाय गरिरहनुभएको छ, उहाँहरुको काम गर्ने जोश जागर बढेर गएको छ । कोषबाट प्राप्त रकम हामीले विशेषगरी कृषि क्षेत्रमा लगानी गरेका छौँ । तरकारी खेती, पशुपालन, घरेलु उद्योग, व्यापार आदि क्षेत्र पर्दछन् । यो कोषबाट प्राप्त ऋणका विषयमा सुरुमा भ्रम सिर्जना भएको पाइयो । स्वरोजगार कोषको रकम लिएपछि तिर्नु पर्दैन भन्ने भ्रम थियो । त्यो बिस्तारै हटेर जान थालेको पाइएको छ । चेतना बिस्तार हुँदै गएको छ । यो ऋणले हामीलाई स्वरोजगार बनाई निर्भर बनाउँदो रहेछ भन्ने महसुस हुन थालेको पाइएको छ । हामीले लगानी गरेका रकम हालसम्म जोखिममा रहेका छैनन् । किनकि हामीले लगानीको छुट्टै निरीक्षण, मूल्याङ्कन तथा सिफारिस गर्ने समिति बनाएका थियौँ । समितिले आफ्नो काम निकै मेहनतका साथ गऱ्यो । ऋण माग गर्ने शेयर सदस्यहरुको व्यावसायिक स्थल, व्यक्तिगत व्यावहारिक पक्ष, सामाजिक दायित्व, काम गर्ने इच्छा भए नभएको यकिन गरी समितिले सिफारिस गरेपश्चात् मात्र कर्जा प्रवाह गरियो । अहिले आएर सोही ऋण लिई कार्य गर्दै आउनु भएका शेयर सदस्य अर्जुन बजगाईं

त यस कर्जाले मेरो जीवन स्तर नै बदलिएको बताउनु हुन्छ। उहाँ दुई लाख रुपैयाँ लिई पशुपालन व्यवसाय गर्दै आउनु भएको छ। त्यस्तै पशुपालक कृषक पीपल प्रसाद घिमिरे, टुक्र प्रसाद तिमल्सिनाको पनि उस्तै भनाइ रहेको छ। उहाँहरुले खेती समेत गरिरहनु भएको छ। उहाँहरुको पनि जीवन शैली बिस्तारै परिवर्तन भइरहेको छ। समग्रमा भन्दा स्वरोजगार कोषको रकम निश्चित प्रयोजनको लागि भनेर लिएपछि दुरुपयोग नगरी तोकिएको र आफूले देखाएको शीर्षकमा नै खर्च गरी आय-आर्जन गर्ने हो भने किस्ता तिरी बालबच्चाको पठन पाठन आदिलाई टेवा पुग्छ। केही रकम बचत भई व्यावसायिक स्तरोन्नति गर्न सकिन्छ।

❀❀❀

लघुवित्त (विपन्न वर्ग) कर्जा कार्यक्रमको सञ्चालन

ललितपुर जिल्लाका ग्रामीण क्षेत्रमा बसोबास गरिरहेका विपन्न वर्गका सदस्यहरुलाई आय एवम् स्वरोजगारमूलक कार्यमा संलग्न गराई उनीहरुको आर्थिक स्तर उकास्ने हेतुले यस प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.ले विगत एक वर्षदेखि लघुवित्त कार्यक्रम सञ्चालन गरिरहेको छ। नियमित आयस्रोत नभएर आय आर्जन एवम् जीविकोपार्जानका लागि समेत धौ-धौ भइरहेका शेयर सदस्यहरुलाई कृषि, पशुपालन, साना घरेलु उद्योग व्यवसाय, स्वरोजगारमूलक साना व्यवसाय, खुद्रा पसल, ठेलागाडा, माछापालन जस्ता व्यवसायमा संलग्न गराई उनीहरुको जीवनस्तर माथि उठाउन लघु कर्जा कार्यक्रम सञ्चालन गरिएको हो।

जिल्लाभित्र छरिएर रहेको उत्पादनशील श्रमको अधिकतम उपयोग हुने गरी उद्यमशीलताको विकास मार्फत परम्परागत उत्पादन प्रणालीमा परिवर्तन गरी आम शेयर सदसयहरुको द्रुततर आर्थिक उन्नतिका लागि यो कार्यक्रम सार्थक हुने अपेक्षा संस्थाले गरेको छ। खासगरी यस संस्थाले कार्यक्षेत्र भित्रका विभिन्न गाविसहरु जो उपत्यकाबाट नजिकै भएर पनि अति दुर्गमका रुपमा परिचित छन्, ती गाविसहरुमा छरिएर रहेका हाम्रा शेयर सदस्य युवाहरुलाई व्यावसायिक खेती तथा पशुपालन र अन्य व्यावसायिक कर्जा सञ्चालन गरिएको छ।

संस्थाले राष्ट्रिय सहकारी बैंक मार्फत सम्झौता गरी एक करोड रुपैया लघुवित्त कर्जाको रुपमा परिचालन गरेको छ। संस्थाले न्यूनतम् ब्याजदरमा व्यवसायको प्रकृति तथा परियोजनाको आधारमा उक्त रकम आफ्ना शेयर सदस्यहरुलाई उपलब्ध गराउँदै आएको छ। यस कार्यक्रमबाट आर्थिक रुपमा पछाडि परेका बेरोजगार शेयर सदस्यहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्। उमेर, जोश, जाँगर र सीप भए पनि पूँजीको अभावमा केही गर्न नसकेका सदस्यहरुले लघुवित्त कर्जामार्फत आफूलाई स्वरोजगार बनाई आर्थिक उन्नति गर्न सफल भएका छन्। जिल्लाका विभिन्न क्षेत्रमा प्रवाह गरिएको यस कर्जामार्फत् बेरोजगार सदस्यहरुले स्वरोजगार भई आर्थिक उन्नति गर्ने भएकोले उनिहरुको दैनिक जीविकोपार्जनलाई सहज बनाउन योजना सफल हुने विश्वास गरिएको छ। संस्थामार्फत् लघुवित्त कर्जा लिई साना व्यवसाय गर्ने शेयर सदस्यको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन भएको छ।

–ऋण उपसमिति

महिला सदस्यको सन्दर्भमा प्रतिभा साकोस

दिपेश्वरी बजगाईं

विश्वले विकासको फड्को मार्ने कारणहरु मध्येको एउटा पक्ष सहकारी पनि हो । शैक्षिक उन्नति, औद्योगिक क्षेत्रमा प्रगति गर्दै नयाँ कुराहरुको आबिष्कार गर्नेतिर विश्व लम्किरहेको छ । सचेत नागरिक, समान व्यवहार, आर्थिक बचतको महत्वलाई हृदयङ्गम गरी सन् १८४४ को दशकतिर वेलायती भूमिमा सहकारीको सुरुवात गरियो । तर नेपालले भने दुई सय वर्षभन्दा बढी समयपश्चात् यस अवधारणलाई अगाडि बढाएको पाइन्छ । समय सापेक्ष लोकप्रिय र चुनौतीको सामना गर्दै नेपालमा सहकारी आन्दोलन अगाडि बढ्दै गएता पनि लैङ्गिक असमानताबाट भने अछुत रहन सकेन । शैक्षिक क्षेत्रमा अगाडि रहेका र आर्थिक उपार्जन गर्न सक्ने पुरुष वर्गको बाहुल्यता भएको कारण महिला वर्गहरुले पछौटे पनको मार खेप्नु पर्‍यो । यो साश्वत कुरा नै हो ।

सहकारीको पद्धति अपनाएर रोजगारीको अवसार दिलाउने होडबाजीको क्रममा नेपालमा पछिल्लो चरणमा धेरै सहकारीहरुको स्थापना भए । यस सन्दर्भमा हाम्रो प्रतिभा साकोस वि.सं.२०६२ साल चैत्र २४ गतेका दिन स्थापना भएको संस्था हो । स्थापनाकालदेखि नै महिला सदस्यहरुको संख्या बृद्धि गर्नुपर्छ भन्ने धारण राख्दै आएको संस्था हो । जबसम्म महिला सदस्य संख्यामा र महिला शसक्तिकरणमा प्राथमिकता दिइँदैन, तबसम्म कुनै पनि संस्थाले सुचारु रुपमा अगाडि बढ्न सक्दैन । किनकि देशको कूल जनसंख्या (२०६८ को जनगणनाअनुसार) २,६४,९४,५०४ मध्ये महिलाको संख्या १,३६,४५,४६३ छ भने १,२८,४९,०४१ पुरुषको संख्या छ । तसर्थ तुलनात्मक रुपमा बढी संख्या ओगटेको वर्गलाई कुनै पनि क्षेत्रमा सहभागी हुने अवसर प्रदान नगर्ने हो भने विकासको क्रममा अवरोध सिर्जना हुन्छ भन्ने कुरा हाम्रो संस्थाले बुझेको छ ।

महिला सदस्यहरुको सहभागितालाई संस्थाले जोड दिएको छ । महिलाहरुको लगनशीलता र इमान्दार व्यवहारले संस्थाको विकासमा टेवा पुगेको छ । आफूले सानो व्यवसाय गरेर आर्जित रकम होस वा तरकारी खेती, अन्य खेतीबाट आर्जित रकम जम्मा गर्दै गएको खण्डमा आफूले चलाउने घरायसी व्यवहारका लागि हात पसार्नुपर्ने अवस्था आउँदैन । यस्ता कुराहरुमा हामी महिला दिदी-बहिनीहरु सचेत हुनु पर्नेछ । यसतर्फ जागरुक गराउने क्रममा हाम्रो संस्थाले महिला सदस्यहरुलाई अन्तरक्रिया कार्यक्रमहरु पनि सञ्चालन गर्दै आएको छ । थोपाथोपा पानी मिली नदीको रुप लिएझैं आफ्नो कमाइको सानो हिस्सा जम्मा गर्दा हामीमा आत्मबलको बृद्धि भई अरु काम गर्ने क्रममा पनि सफलता मिल्न सक्छ । आजको परिवर्तित समाजमा हरेक संघ संस्थाले महिलाका बारेमा आफ्नो मुद्दा नै बनाएका छन् । तर हाम्रो संस्थाले चुनौतीका साथ महिलाको

सहभागिता र उन्नतिमा अग्रपङ्ति देखिएको छ। स्थापनाको केही समय महिला शेयर सदस्यहरुको संख्या कमै देखिएको यस संस्थामा हाल कूल शेयर सदस्य सङ्ख्यामा ३३६ जना महिला शेयर सदस्यको संख्या हुनु एक सकारात्मक पक्ष हो। यी महिला शेयर सदस्य संख्या केवल संख्यात्मक रुपमा मात्र नभएर गुणात्मक रुपमा संस्थाका खम्बा बन्न सफल भएका छन्। कुनै पनि संस्थाको उन्नति र विकासका लागि कारोबार राम्रो गर्ने सदस्यको आवश्यकता पर्दछ। यस संस्थामा महिला शेयर सदस्यहरुको बचत गर्ने कुशल बानी र ऋणको असुलीमा इमान्दारिता पुरुष शेयर सदस्यको तुलनामा बढी देखिएको छ। यो एउटा महिला सशक्तिकरणको उदाहरण मात्र हो। यसमा हामी महिला मित्रहरुले गौरव गर्नुपर्ने कुरा के छ भने यस साकोसले महिलाको विकास, आर्थिक उन्नति जस्ता कुरामा बढी चासो दिएको छ। समयानुसार महिला शेयर सदस्यहरुको अन्तरक्रिया, भेला, सहकारी क्षेत्रको कार्यमा महिलाको उपस्थिति जस्ता कार्यहरुलाई उत्सुकतापूर्ण ढङ्गबाट सञ्चालन गर्दै आएको छ। यस्तै क्रममा ललितपुरको इमाडोल गाविसमा 'सुनौलो बिहानी' नामक महिला समूहमा सहकारीमा बचत सङ्कलन शीर्षकमा एक दिने कार्यशाला गोष्ठी सञ्चालन गरिएको थियो। यस कार्यक्रममा ३२ जना महिलाहरुको उपस्थित थियो। यस प्रकारका कार्यक्रमले पनि प्रतिभा साकोसले महिला शेयर सदस्यहरुप्रति बढी चासो देखाएको कुरा स्पष्ट हुन्छ।

यस साकोसले प्रदान गर्ने ऋणमा पनि संस्थाले गर्ने लगानी, लघुकर्जा, स्वरोजगार जस्ता ऋण उपलब्ध गराउने शीर्षकमा महिला शेयर सदस्यहरुलाई प्राथामिकता दिइ सबै क्षेत्रमा महिला शेयर सदस्यहरुको सहभागिता देखाएको छ। भर्खर सुरु गरिएको लघु कर्जामा महिला शेयर सदस्यको संख्या १४ छ भने स्वरोजगार व्यवसायी शीर्षकमा पनि ऋण लिने महिला ४ जना पुगेका छन्। लघुकर्जा शीर्षकमा महिला सदस्यलाई नै बढी लगानी गर्ने कुरा नीतिगत रुपमा अगाडि बढाइएको छ। महिला समूहमा रहेका महिलाहरुलाई यस प्रकारको ऋण उपलब्ध गराइ सामुहिक रुपमा काम गर्ने बानीको विकास गराउन संस्था लागि परिरहेको छ। समूहगत रुपमा सञ्चालित रकमहरु पनि संस्थामा जम्मा गर्न चाहाने महिला समुहमा, संस्थाको व्यक्ति नै गएर बचत रकम जम्मा गरी आकर्षित ब्याज प्रदान गर्ने काम संस्थाले गर्दै आएको छ। यस संस्थाका कार्य क्षेत्रभित्र रहेका महिलाहरुले सानो बचतबाट ठूलो रकम जम्मा भएको महसुस गर्न सकून् र आफ्नो सीप र प्रतिभालाई रकमको अभावमा निष्क्रिय रहने अवस्थामा नपुगून् भन्ने संस्थाको धारणा छ।

❁❁❁

समाज रुपान्तरणमा सहकारीको भूमिका

सचितानन्द घिमिरे

शिक्षा, सञ्चार, यातायात, स्वास्थ आदि विकासका महत्वपूर्ण आधारहरु हुन् । कतिपय सर्न्दभमा विकासका यी आधारहरुबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । आज विश्व भूमण्डलीकरणको अवधारणामा प्रवेश भएको छ । सूचना तथा सञ्चार प्रविधि (ICT), जीवनपर्यन्त सीप (Life Skill), कामको संसार (World of Work) जस्ता विषय क्षेत्रहरुलाई विश्वका अधिकांश राष्ट्रहरुले सम्बोधन गरी कार्यान्वियनमा ल्याएका छन् । सूचना तथा सञ्चार प्रविधि, जीवनपर्न्यन्त सिप तथा कामको संसारको प्रत्यक्ष परोक्ष्य सम्बन्ध सङ्गठन भित्र रहने कुरालाई नकार्न सकिँदैन । वास्तवमा चेतना र विकास एकै सिक्काका दुई पाटा हुन् । कुनैपनि समाजको रुपान्तरणमा त्यहाँका जनताहरु सङ्गठित हुनु आवश्यक हुन्छ । विकासले ल्याउने क्रमिक परिवर्तनबाट सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, विकासका पूर्वाधार, सोच दृष्टिकोणजस्ता विविध क्षेत्रहरुमा मूल्यमान्यता एवम् पद्धतिहरुसमेत रुपान्तरण हुँदै जान्छन् । नेपालको वर्तमान सर्न्दभमा सबैभन्दा सङ्गठित सामाजिक जागरण सहकारीको अवधारणामा अगाडि बढिरहेको छ । देशका सबैभन्दा बढी जनता सहकारीमा आवद्ध छन् । परिर्वतन र जागरणको एउटा लहरको रुपमा सहकारी स्थापित भएको छ ।

२०४६ को राजनीतिक परिर्वतनपछि सहकारीहरु अभियानका रुपमा अगाडि बढेका छन् । सहकारी केवल रुपैयाँ पैसाको कारोबार गर्ने संस्थामात्र नभएर यसले परिर्वतनको पक्षमा पनि सकारात्मक भूमिका खेलेको छ । समाजमा महिलाहरुले पुरुषहरु जतिकै सामाजिक हैसियत खोजेका छन् । पछाडि पारिएका जाति जनजातिहरुले आफ्ना हक अधिकार खोजेका छन् । बालबालिकाहरुको चेतनास्तरले समकालीन समाजमा नयाँ दृष्टिकोण ल्याएको छ । काम गर्ने तौरतरिकामा नयाँ पद्धति खोजी गर्न थालिएको छ । यी विविध पक्षहरुको अध्ययन विश्लेषण गर्ने हो भने सहकारीको भूमिका अपरिहार्य रहेको पाइन्छ । नेपालमा सहकारी अभियान जनतासँग हातेमालोका साथ गरिने सफल अभियानको रुपमा स्थापित छ । विकास परिर्वतनका साथै समाज रुपान्तरणमा समेत सहकारी अभियान हुनु सकारात्मक पक्ष हो ।

सहकारीले स्थापना एवम् स्थायित्वका लागि थुप्पै अभावहरुसँग पौँठेजोरी खेल्नु परेको छ । जनताहरु रोजगारीका लागि सदरमुकाममा केन्द्रित हुने समस्या जटिल प्रकृतिको छ । विदेशिने युवाहरुको जमातलाई सामान्य रुपमा लिन सकिँदैन । यसका नकारात्मक प्रभावहरु समाजमा देखा पर्न थालेका छन् । सहकारी सञ्चालनका लागि समेत यिनै पक्षहरुले दुरगामी प्रभाव पारेका छन् । अधिकांश सहकारीहरु उत्पादनमूलक कार्यमा केन्द्रित हुन सकेका छैनन् । त्यसैगरी सहकारीहरु

सदरमुकाम केन्द्रित हुनु पनि समस्याको विषय हो। वास्तवमा धनी वर्गको उत्थानका लागि भन्दा गरिब वर्गको जीविकोपार्जनसँग सहकारीको दार्शनिक र व्यावहारिक विषय गाँसिएको हुन्छ। यस पाटोलाई राज्य तथा चेतनशील वर्गले सोचेर कार्यन्वयनकै पक्षमा ध्यान पुऱ्याउनु आवश्यक छ। उत्पादनलाई जोड दिएर जनताको आयस्तरसँग जीवनस्तर बदल्ने कार्यमा सहकारीले कदम चाल्नु पर्दछ। सहकारीको लहरसँगै स्वरोजगारको अवधारणाले विस्तारै युवाहरुलाई आकर्षित गरेको छ। युवाहरु सङ्गठित हुँदै, हातेमालो गर्दै नयाँ जोश जाँगरका साथ प्रविधिमा आधारित पेशा व्यवसाय अँगाल्दै छन्। छरिएर रहेका साना रकम जम्मा गर्दै पूँजी निर्माणको आधार बन्दै छ। यो सकारात्मक विषय हो।

मूलत : सहकारीको स्थापनाका कारण शिक्षा, स्वास्थ्य, रोजगारी, सूचना तथा सञ्चार, जीवनस्तर, जीवनशैली आदि क्षेत्रमा तीव्र परिर्वतनहरु देखा परेका छन्। यस्ता परिवर्तनले व्यक्तिगत सांस्कृतिक आर्थिक विविध पक्षमा सरोकार राख्छन्। राज्यको नीति र गतिविधिहरुबाट मात्र हैन सामाजिक जागरण र लहरबाट पनि राज्यको विविध क्षेत्रमा पर्ने प्रभाव अछुतो रहन सक्दैन। यथार्थमा सहकारी अभियानले समाज रुपान्तरणको जुन दिशा तय गरेको छ, त्यो सकारात्मक छ। कुनै पनि परिर्वतन एकै रातमा वा एकै बासमा सम्भव छैन। समयले आवश्यक मूल्याङ्कन अवश्य गर्नेछ। सहकारीले नेपालको सामाजिक जागरण, रुपान्तरणमा ल्याएको परिर्वतन चामत्कारिक छ। भावी दिनमा यस क्षेत्रसँग सरोकार राख्ने सबैले आ-आफ्नो सामाजिक धरातलबाट सबैसँग हातेमालो गर्दै आफ्नो सालनाल गाडिएको जन्मुमि एवम् पसिना पोखिएको कर्मभूमिप्रति समर्पित हुने प्रेरणा प्राप्त होओस्। जय सहकारी !

❀❀❀

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.

को संस्थागत संरचना



खण्ड २

प्रतिभाका सफलताहरू

प्रस्तुतिः उमेश घिमिरे

बचतको उचित ब्याज पाउँदा आय पनि बढ्यो

माधव तिमल्सिना

मेरो जन्म वि.सं.२०३६ साल फागुन २४ गतेका दिन भएको थियो। बुबा मुक्तिनाथ र आमा लिक कुमारी तिमल्सिनाको नौ सन्तान मध्येको आठौं सन्तान, म गर्भमा रहेको वर्ष लक्ष्मीपूजाको दिनमा लक्ष्मीलाई बालेको बत्तीले हाम्रो घर जलाएर खरानी पारेको रहेछ। त्यसैले म जन्मेदेखि नै गरिबीले हामीलाई घेरेको थियो। गोटीखेलको ग्रामीण भेगमा थोरै खेती धेरै सन्तान भएकोले खेतीपातीले खान पुग्दैनथ्यो। त्यसैले म सानो छँदा दाइहरु गाउँघरमा ज्याला गर्न जानु हुन्थ्यो।

> त्यसपछि मैले लगनखेलमा व्यापार सुरु गरैं। म निकै मेहनती थिएँ। व्यापारमा राम्रो फाइदा हुँदै गयो। समय बित्दै गयो व्यापारबाट राम्रो कमाइ भयो र मैले इमाडोलमा जग्गा किनेर सानो घर बनाएँ।

म पाँच वर्षको भएपछि गोटिखेलमा रहेको श्री महाँकाल मा.वि. मा कक्षा १ मा भर्ना भएँ। स्कुल जान थालेपछि मेरो दिनचर्या स्कुल जाने र स्कुलबाट फर्केपछि घर आएर बाख्रा चराउने घाँस काट्ने गर्दै अघि बढ्यो। समय हुँदा म प्रहरी चौकी जान्थेँ। प्रहरीचौकीमा मलाई खाजा खान दिन्थे र मलाई धेरै माया गर्दथे। यसरी नै मेरो बचपन रमाइलोसँग बित्दै गयो। जब म आठ वर्षको भएको थिएँ, अचानक हाम्रो गाउँको घर जग्गा दाइले र बुबाले विक्री गर्नुभयो, त्यसपछि हामी चापागाउँ आयौं। त्यसपछि मेरो पढाइ पनि चापागाउँको वाणी विलास स्कुलमा कक्षा तीनबाट सुरु भयो। नयाँ ठाउँ, नयाँ स्कुल, नयाँ साथीहरु मलाइ डर लाग्थ्यो।

व्यापार गर्दा जति व्यापार हुन्थ्यो, सबै प्रतिभामा जम्मा गर्दथेँ । यसरी बचत गर्ने राम्रो बानी बस्दै गयो भने संस्थाले बचतको उचित ब्याज दिने हुनाले आय पनि बढ्दै गयो । जसको सम्मानस्वरुप ०६७।०६८ सालमा संस्थाबाट असल बचतकर्ताको रुपमा सम्मानित हुने अवसर पनि पाएँ ।

तर विस्तारै बानी पर्दै गयो । आमाबुबा र दिदी मिलेर स्कुल नजिकै बदाम बेच्ने गर्नुहुन्थ्यो । म पनि सहयोग गर्थें । दाइहरु छुट्टै बस्नु हुन्थ्यो । हाम्रो खर्च चलाउन मुस्किल पर्दथ्यो । त्यसैले दिदी र म मिलेर कहिलेकाहीँ कोइला पनि बोक्ने गर्दथ्यौं । त्यसैले घर खर्च चलाउन सजिलो हुन्थ्यो । तर यसरी काम गर्दा मेरो पढाइ बिग्रियो र म कक्षा ७ मा फेल भएँ । त्यो थाहा पाएर दाइले हामीलाई आफूसँगै सातदोबाटोमा ल्याउनुभयो र मलाई लगनखेलको नमूना मच्छिन्द्र मा.वि.मा भर्ना गरिदिनुभयो । यसरी मैले २०५३ सालमा एसएलसी परीक्षा दिई द्वितीय श्रेणीमा पास गरेँ । त्यसपछि मैले लगनखेलमा व्यापार सुरु गरेँ । म निकै मेहनती थिएँ । व्यापारमा राम्रो फाइदा हुँदै गयो । समय बित्दै गयो व्यापारबाट राम्रो कमाइ भयो र मैले इमाडोलमा जग्गा किनेर सानो घर बनाएँ । अचानक २०५८ साल माघ ११ गते बुबाको मृत्यू भयो । तर पनि मैले आफूलाई सम्हाल्दै व्यापारलाई निरन्तरता दिई नै रहेँ । घरमा मेरो विवाहको कुरा चल्यो । २०६० साल जेष्ठ २८ गते काठमाडौं गोलढुङ्गा निवासी भवानी चापागाईंसँग मेरो विवाह सम्पन्न भयो । २०६१ साल असार ६ गते हाम्रो पहिलो सन्तानका रुपमा छोरीको जन्म भयो । इमाडोलमा आदणीय रामहरि बजगाईंलगायतका दाजुहरुको पहलमा प्रतिभा सहकारीको स्थापना भयो । त्यसमा म पनि एउटा सदस्यको रुपमा समावेश भएँ । व्यापार गर्दा जति व्यापार हुन्थ्यो, सबै प्रतिभामा जम्मा गर्दथेँ । यसरी बचत गर्ने राम्रो बानी बस्दै गयो भने संस्थाले बचतको उचित व्याज दिने हुनाले आय पनि बढ्दै गयो । जसको सम्मानस्वरुप ०६७।०६८ सालमा संस्थाबाट असल बचतकर्ताको रुपमा सम्मानित हुने अवसर पनि पाएँ ।

मलाई घर निर्माण गर्दा आवश्यक परेको ऋण पनि संस्थाबाट लिएँ र घरको तला थपेँ । यसरी मलाई जे जस्तो आवश्यकता पर्छ, म पूर्णरुपमा यस संस्थामा निर्भर भएको छु । यसरी दक्षिण ललितपुरको ग्रामीण भेगमा जन्मेर पनि आज आफ्नो मेहनत र प्रतिभाको साथ पाएर म सफल भएको छु । हाल मेरा दुई छोरीहरु विद्या र सम्पदा साथै श्रीमती भवानीसमेत यस संस्थाका शेयर सदस्य भएका छन् ।

❀❀❀

किराना पसलको आम्दानीले सफल बनायो

भुपलाल लामा

भुपलाल लामा इकुडोल गाविस वडा नं. ५ ललितपुरमा स्थायी बसोबास गर्दै आउनु भएको छ । ४० वर्षीय लामा यस प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको ६३५ नं. का शेयर सदस्य हुनुहुन्छ । शिक्षण पेशाका अतिरिक्त स्थानीय रुपमा किराना पसल सञ्चालन गर्दै आउनु भएका लामाले सामान्य रुपमा बाख्रापालन समेत गरी आफ्नो आम्दानीको स्रोतलाई बढाउन सफल हुनुभएको छ । संस्थाबाट पटकपटक गरी १० लाख भन्दा बढीको बचत तथा ऋण कारोबार गर्नु भएका लामाले स्थानीय स्तरमा सानातिना लगानीबाट ठूलो अर्थोपार्जन गरी आफू र आफ्नो परिवारलाई खुसीमात्र दिनु भएको छैन, स्थानीय रुपमा समेत आफूलाई चिनाउन सफल हुनु भएको छ । ग्रामीण भेगमा अति आवश्यक पर्ने दैनिक उपभोग्य वस्तुहरु, खाद्यान्न लगायतका किराना सेवाहरु उपलब्ध गराउनु भएका लामाले आफ्नो परिवारको सहयोगमा बाख्रापालन समेत गर्नुहुन्छ । आफ्नो विगतलाई सम्झँदै लामा भन्नुहुन्छ- विगतमा आफ्नो सानो जागिर मात्र थियो । परिवारका सदस्यहरुलाई खासै रोजगारी थिएन । सामान्य कमाइले परिवार धान्न पनि निकै कठिन थियो, त्यसैले ८ वर्ष अघि करिब २० हजारको लगानीबाट किराना पसल सञ्चालन गरेँ । किराना पसल सुरु गर्दा आफ्नो बस्ने बास पनि खासै थिएन । मासिक ८०० रुपैयाँ भाडा तिरेर त्यही घरमा पसल चलाउँदै र बसोबास गर्दै आएँ । आठ वर्षअघि २० हजार बाट सुरु भएको मेरो व्यवसाय

> **सञ्चालक र कर्मचारीको सहयोगले आर्थिक कारोबार गर्न सफल भएँ । आफूले चाहेको बेलामा कर्जा पाएकोले व्यवसायलाई बिस्तार गर्न निकै सहज भयो । बिना झन्झट सुलभ ब्याजदरमा कर्जा पाउँदा जग्गा खरिद गरी घर निर्माण गर्न र खेत समेत जोड्न सफल भएँ ।**

बिस्तार भएर ४ लाख भन्दा बढी भएको छ। पसलबाट मासिक २० हजार भन्दा बढी आम्दानी हुन्छ। यसका अलवा श्रीमती र छोराछोरीको सहयोगबाट सामान्य बाख्रापालन गर्दै आएको छु। यसबाट पनि वार्षिक रुपमा ७० देखि ९० हजारसम्म कमाइ हुन्छ। आफ्नो मेहनत र कडा परिश्रमकै कारण यिनै व्यवसायको सफलताबाट हाल इकुडोल गाविसमै जग्गा किनेर करिब ४ लाख रुपैयाँको लगानीमा घर बनाएको छु। भाडा तिर्ने मेरा विगतका दुःखका दिन अतीत भएका छन्। भर्खरै खेत पनि किनेकोले आफ्नो दैनिक जीविकोपार्जन निकै सजिलो भएकोले परिवारमा खुसी छ। विगतमा आर्थिक कारोबार गर्न साहुकहाँ धाउनु पर्दथ्यो।

चर्को ब्याजमा ऋण लिएर काम गर्दा साहु लाई तिर्दैमा ठिक्क हुन्थ्यो। व्यवसाय गर्दै जाँदा सहकारीबाट कारोबार गर्न सजिलो र फाइदा पनि हुन्छ भन्ने कुरा गाउँबाटै वुझैं र माधव घिमिरेको सल्लाहबमोजिम यस संस्थाको सदस्य बन्न पुगैं। सञ्चालक र कर्मचारीको सहयोगले आर्थिक कारोबार गर्न सफल भएँ। आफूले चाहेको बेलामा कर्जा पाएकोले व्यवसायलाई विस्तार गर्न निकै सहज भयो। बिना झन्झट सुलभ ब्याजदरमा कर्जा पाउँदा जग्गा खरिद गरी घर निर्माण गर्न र खेत समेत जोड्न सफल भएँ। आर्थिक रुपमा आफूले गरेको सफलतामा यस संस्थाको बिर्सन नसकिने लगानी परेको छ। संस्थाको सहयोले म मात्र हैन सिङ्गो परिवारलाई नै सफल बनाएको छ। समयमा किस्ता र ब्याज तिर्दा इमान्दारिता र विश्वसनीयताको पात्र भएको छु। यस संस्थाको सहयोगबाट पाएको सफलताले आफ्नो घर खर्च चलाउने समस्या समाधान भयो। बच्चालाई पढाउने खर्च जुटाउने कुनै चिन्ता छैन। आफ्नै घर र आफ्नै माटोमा पसिना बगाउँदा सुखका दिन पनि आउँदा रहेछन्, जुन कल्पना भन्दा टाढा थिए। कमाएको रकम संस्थामा जम्मा गर्ने हुँदा औषधि उपचार र भैपरी आउने खर्चको चटारो छैन। जीवन सुख र दुःखको निरन्तर यात्रा हो। इमान्दारिता, लगनशीलता र मेहनत गर्ने बानीले मानिस सफल हुन्छ। मेरो जीवनलाई सफल र सार्थक बनाउन सहयोग गर्ने यस संस्थाको निरन्तर प्रगतिको कामना गर्दछु।

❀❀❀

मेरो आर्थिक अवस्थामा परिवर्तन भएको छ

गोपिनी घिमिरे

१५ वर्ष अगाडि आर्थिक रुपले निकै पछाडि थिएँ। दैनिक जीविकोपार्जनमा समेत धौधौ थियो। कोठा भाडा तिर्ने र घर खर्च चलाउने कुनै दरिलो जागिर र पेशा थिएन। आर्थिक र रोजगारीको समस्याबाट गुज्रिएका हामी उज्ज्वल भविष्यको खोजीमा २०५६ सालमा इकुडोल गाविसबाट बासाइँ सरी काठमाडौं आएका थियौं। बढ्दो महङ्गी र रोजगारको अभावले दैनिक जीवन चलाउन निकै गाह्रो थियो। के गर्ने र कसो गर्ने भन्ने चिन्ताकै बीचमा ऋण काढेको चार सय रुपैयाँबाट कालीमाटी गई १ झोला कागती किनेर लगनखेल बसपार्कको छेउमा बसेर बेच्न थालें। दैनिक रुपमा बिहानको झिसमिसेमा कालीमाटी धाउने, कागती किन्ने अनि दिनभर त्यही कागती बेच्ने मेरो पेशा आफ्नो गुजारा चलाउने साथी बन्दै गयो। के साँझ, के विहान, न चिसो, न घाम ! म निरन्तर यही कागती व्यापार गर्दै अघि बढैं। श्रीमानले सामान्य जागीरमा अल्झिनुपरेकोले उहाँको सहयोगको लागि घर खर्च चलाउने स्रोत जुटाउन म हरेक दिन १२ घण्टाभन्दा बढी लगनखेलको सडक पेटीमा बिताउथें। समय अघि बढ्दै जाँदा व्यापार पनि बढ्दै गयो। कमाएको पैसालाई व्यापारमा थप्दै गएँ। कमाएको रकमको सही सदुपयोग गर्ने हुँदा दिनचर्या सहज हुँदै गयो। खुला सडकमा वर्ष बिताउने कुरा सानो थिएन। ठूलो व्यापार गर्न पूँजीको अभाव थियो। सानो व्यापारबाट पनि राम्रो कमाइ गर्न सकिन्छ भन्ने आँटले यही व्यापारलाई समय दिँदै गएँ। त्यतिबेला व्यापार गर्न र अन्य काम गर्न ऋण चाहिँदा साहुकहाँ जानु पर्दथ्यो। बैंकबाट ऋण लिन कठीन र थुप्रै कागजात मिलाउनु पर्ने झमेला थियो। आफूले कमाएको रकम बचत पनि गर्न मिल्ने, आवश्यक पर्दा ऋण पनि लिन सकिने संस्थाको खोजीमा थिएँ। यस्तै बखत प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको स्थापना भएको थाहा पाएँ। आफूले चिनेजानेका र थुप्रै आफन्तहरु संस्थाको सदस्य भएकोले म पनि संस्थाको सदस्य बन्न पुगें र सदस्य बनेको दिनदेखि यसै संस्थामा नियमित बचत गर्दै गएँ। बचत गर्दा ब्याज पनि पाउने हुँदा आम्दानी पनि बढ्दै गयो।

विस्तारै आफ्नो कागतीको व्यापारलाई बढाएर अदुवा र लसुन पनि थपेँ। दैनिक रुपमा एउटै ठाउँमा बसेर व्यापार गर्दै जाँदा ग्राहक पनि थपिँदै गए। अहिले ३० भन्दा बढी होटल तथा पसलमा कागती दिँदै आएकी छु भने नियमित ६० भन्दा बढी अन्य ग्राहक कागती, अदुवा र लसुन किन्न आउने गरेका छन्। यस संस्थाबाट नियमित कारोबार गर्दा व्यापारमा लगानी थप्न कुनै समस्या भएन। अहिले त बजार र ग्राहकको संख्या ठूलो भएकोले भारतबाट कागती झिकाई होलसेलमा कागती बिक्री वितरण गर्ने काम समेत गरेकी छु। व्यापारबाट राम्रो कमाइ हुने भएकाले श्रीमानले पनि जागिर छोडी मेरो व्यापारलाई सहयोग गर्दै आउनुभएकोले मलाई निकै सहयोग मिलेको छ। चार सयबाट सुरु भएको मेरो व्यापारबाट मासिक ६० हजार भन्दा बढी कमाइ हुने गरेको छ। संस्थाको सहयोग र आफ्नो मेहनतबाट इमाडोलमा पक्की घर बनाई आफूलाई स्थापित गराउन सफल भएका छौँ। बच्चाहरुलाई राम्रो स्कूलमा पढाउन पाएकोले आफू निकै सफल भएको महसुस गरेकी छु। १४ वर्ष पहिलेको पारिवारिक, आर्थिक अवस्था र अहिलेमा निकै भिन्नता भएको ठानेकी छु। अहिले त घर भाडाबाट मात्रै २० हजार मासिक थप आम्दानी हुने भएकोले आम्दानी झन बढेको छ। संस्थाबाट सदस्य बनेदेखि अहिलेसम्म २० लाखभन्दा माथिको बचत तथा ऋणको कारोबार गरेकी छु। असल कारोबार गर्दा गत साल संस्थाबाट सम्मानित हुने मौका समेत प्राप्त गरेँ। मेरो सफलतामा आफ्नो परिवार र यस संस्थाको ठूलो योगदान रहेको छ। आफ्नो भविष्य बनाउने गतिलो माध्यम नै यही व्यापार भएको छ। आज आफ्नो मेहनतले आर्थिक रुपमा सक्षम भएकी छु। यस संस्थाबाट कारोबार गर्दा त्यसको फाइदा आफैँलाई हुने भएकोले हामीजस्ता मानिसको लागि सहकारीको आवश्यकता झनै हुँदो रहेछ। संस्थामा कारोबार गर्न सजिलो र विश्वसनीय भएकोले म त धेरै ढुक्क भएकी छु। चाहिएको बेलामा ऋण पाइन्छ। सञ्चालक र कर्मचारीले गर्ने सहकार्यले म र मेरो व्यवसाय सफल भयो। आफ्नो इमान्दारिता, मेहनत र निरन्तरताले कुनै पनि काम र पेशामा सफलता मिल्दो रहेछ। आउँदा दिनमा समेत संस्थाको यस्तै सहकार्यको अपेक्षा गरेकी छु।

चार सय रुपैयाँबाट सुरु भएको मेरो व्यापारबाट मासिक ६० हजार भन्दा बढी कमाई हुने गरेको छ। संस्थाको सहयोग र आफ्नो मेहनतबाट इमाडोलमा पक्की घर बनाई आफूलाई स्थापित गराउन सफल भएका छौँ।

❀❀❀

स्वरोजगार
कर्जाले जीवन बदलियो



अर्जुन प्रसाद बजगाईं

५ वर्ष अगाडिको कुरा हो, दलचोकी गाविस वडा नं. ५ मा रहेको मेरो पुरानो घर र गोठ पहिरोले बगायो । क्षतिपूर्तिका लागि राहतको हार गुहार गर्दा पनि केही सुनुवाइ भएन । एकतिर घर गोठ पहिरोले लगेको चिन्ता थियो भने अर्कोतिर व्यवसाय र घर परिवारको चिन्ता पनि त्यतिकै थियो । परिवारलाई खुसी बाँड्न सक्ने न गतिलो जागिर नै थियो न त कुनै पेशा र व्यवसाय । अन्तमा आफ्नो गरिहेको पेशा गाई भैंसी पालनबाट बाँकी सङ्घर्षको यात्रा सुरु गर्ने अठोट गरैं र ललितपुरको खुमल्टारमा आएँ । परिवारसहित यहाँ आएर पनि गुजारा चलाउने कुरा मेरो लागि फलामकै चिउरा भयो । बजारमा ताजा दुध दहीको माग प्रसस्त भएकोले सुरुमा ३ रोपनी जग्गाको वार्षिक रु. ४८०००|- भाडा तिर्ने गरी जग्गा भाडामा लिएँ र गाई पालन गर्न थालैं । ५ वटा गाई किन्ने, गोठ निमार्ण गर्ने आदि कामको लागि झण्डै ५ लाख रुपैयाँ खर्च भयो । व्यक्तिबाट लिएको चर्को व्याजको यो रकम चुक्ता गर्न दिन रात खटिएँ । गाईपालनबाट मात्रै ब्याज तिर्ने र आफ्नो जीविका चलाउने कुरा गाह्रो थियो । त्यसैले भैंसीपालन पनि गर्ने योजना बनाएँ ।

भैंसीपालन गर्न थप कर्जाको आवश्यकता थियो। कर्जाको खोजीमा म प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको सदस्य बन्न पुगेँ। संस्थामा आफ्ना सबै योजनाहरु बताएपछि २ लाख रुपैयाँको स्वरोजगार कर्जा उपलब्ध भयो। यही स्वरोजगार कर्जालाई सदुपयोग गर्दै अब भैंसीपालनबाट केही गर्छु भन्ने आँट लिएर अघि बढेँ र भैंसी किनेँ। अहिले ७ वटा भैंसी, एउटा गाई र ६ वटा पाडाहरु पाल्दै आएको छु। दैनिक ५० लिटर दुग्ध उत्पादन गरेर बिक्री गर्दै आएको छु। बिहान र बेलुका पोसिलो, शुद्ध र ताजा दुध भन्दै ग्राहकहरु गोठमै दुध किन्न आउँछन्। दुधको बजारको कुनै चिन्ता छैन। भैंसीपालन गर्न थालेदेखि मासिक ६० हजारदेखि ७५ हजारसम्म कमाइ हुने गरेको छ। स्वरोजगार कर्जाको व्याज र किस्ता तिरी घर खर्च र व्यवसाय खर्च कटाएर पनि मासिक २५-३० हजार बचत हुन्छ। मेहनत र परिश्रमले मानिसलाई सबै कुरा पुऱ्याउँदो रहेछ। दैनिक १२ घण्टाको खटाइले पनि राम्रो आम्दानी हुँदो रहेछ। चार वर्षअघिका दिन र आजको दिनचर्यामा निकै परिवर्तन भएको महसुस गरिरहेको छु। बच्चाहरुलाई राम्रैसँग पढाइरहेको छु। खर्चको अभावमा भैपरिआउने समस्याबाट चिन्तित हुनुपर्ने मेरो विगतका दिन गएका छन्। व्यवसायबाट निकै राम्रो सफलता पाएको छु। खासगरी यस संस्थाबाट उपलब्ध भएको स्वरोजगार कर्जाले मेरो भैंसीपालन व्यवसायलाई ठूलो मद्दत पुऱ्यायो। व्याजदर पनि सस्तो, धितो पनि राख्नु नपर्ने हुँदा हामीजस्ता कृषि पेशा गर्ने कृषकका लागि यस्तो कर्जा अमृत बराबर हुँदो रहेछ। भैंसीपालन व्यवसायबाट आफूले पाएको सफलताले यो व्यवसायलाई अझै विस्तार गर्ने योजनामा छु। यस प्रकारका कर्जाको थप अपेक्षा गरेको छु। मेरो व्यवसायलाई यस संस्थाले सहयोग नगरेको भए मैले यस्तो सफलता पाउने थिइँन होला। संस्थाको सहयोगले गर्दा साहुकहाँ जानुपर्ने दिन सकिएका छन्। संस्थाको यस्तो सहयोग पाए अझ सफल व्यवसायी बनेर काम गर्ने इच्छा जागेको छ। मेरो ठूलो आवश्यकता पूरा गर्ने यस संस्थाप्रति म कृतज्ञ छु।

> अहिले ७ वटा भैसी, १ वटा गाई र ६ वटा पाडाहरु पाल्दै आएको छु । दैनिक ५० लिटर दुध उत्पादन गरेर बिक्री गर्दै आएको छु । बिहान र बेलुका पोशिलो, शुद्ध र ताजा दुध भन्दै ग्राहकहरु गोठमै दुध किन्न आउँछन् । दुधको बजारको कुनै चिन्ता छैन । भैंसीपालन गर्न थालेदेखि मासिक ६० हजारदेखि ७५ हजारसम्म कमाइ हुने गरेको छ । स्वरोजगार कर्जाको ब्याज र किस्ता तिरी घर खर्च र व्यवसाय खर्च कटाएर पनि मासिक २५-३० हजार बचत हुन्छ ।

❁❁❁

कफी र अदुवा खेतीबाट प्रसस्त आम्दानी गर्न सकिन्छ

राजेन्द्र नेगी

मेरो जन्म ललितपुर जिल्लाको गिम्दी गाविस वडा नं. ७ मा आजभन्दा ३१ वर्षअघि भएको हो। मेरो परिवारमा सातजना सदस्यहरु छन्। पारिवारिक समस्या र आर्थिक कठिनाइले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकिएन। आफ्नो दैनिक जीविकोपार्जनका लागि सानै उमेरदेखि खेतीपाती गर्ने र भैंसी बाख्रा पाल्ने काम गर्दै आइयो। सामान्य रुपमा गरेको खेतीले वर्ष दिनमात्र खान पुग्ने भएकोले आर्थिक रुपमा खासै प्रगति गर्न सकिएन। आफूसरहका साथीहरु विदेशमा पैसा कमाउन गएको देख्दा मलाई भने आफ्नै ठाउँमा बसेर केही काम गर्छु भन्ने लागिरहन्थ्यो। आफूसँग जग्गा जमिन भए पनि व्यवसाय गर्ने आर्थिक समस्या थियो। कतैबाट सस्तो ब्याज दरमा कर्जा पाए आफ्नो जे भएको बारीमा अदुवा, बेसार र कफी खेती गर्नुहुन्थ्यो भनेर छट्पटिइरहेको थिएँ। गाउँमा चिनेजानेकाले कफी र अदुवा खेतीबाट प्रसस्त कमाइ गरेको देख्दा र सुन्दा मलाई झनै यो व्यवसाय सुरु गर्ने आँट बढ्यो। व्यवसाय गर्नका लागि सहज रुपमा ऋण पाउने संस्थाको खोजीमा थिएँ। बैंकबाट ऋण लिन निकै गाह्रो हुँदो रहेछ। गाउँघरमा हुने खानेसँग ऋण लिँदा व्याजले ढाड सेकिने हुँदा व्यवसायको नाफा उतै तिर्न ठिक्क हुन्छ भन्ने सोच्थैं र ऋण लिन डराउँथैं। यस्तै क्रममा म यस संस्थाको सदस्य बनैं। संस्थाका सञ्चालकहरुको सहयोगमा १ लाख ५० हजार ऋण लिएँ। त्यही ऋणबाट एक वर्ष अघिदेखि ६ रोपनी आफ्नो जग्गामा अदुवा र कफी लगाएको छु। आफूसँग खेती गर्ने कुनै प्रविधिका बारेमा खासै ज्ञान नभए पनि परम्परागत अनुभवको आधारमा गर्दै आएको छु। अदुवा र कफी खेतीका लागि मल पनि हुने र थप आम्दानी पनि हुने भएकोले भैंसी पनि पालेको छु। गत साल रोपेका ७०० वटा कफीका बोटबाट उत्पादन सुरु हुँदा कफीबाट मात्र वार्षिक ३ लाख आम्दानी हुने अनुमान गरेको छु भने यसपालिदेखि बजार भाउ राम्रो पाए अदुवाबाट करिब ४ लाख जति आम्दानी भित्र्याउने लक्ष्य राखेको छु। यसैपालिको अदुवाबाट संस्थाबाट लिएको ऋणको ब्याज तिर्दै आएको छु। संस्थाको सहयोगबाट यो व्यवसाय सुरु गरैं। यसै व्यवसायबाट राम्रो आम्दानी गरेर सफल हुने आशा गरेको छु। संस्थाबाट तत्काल ऋण नपाएको भए म अझै पनि बेरोजगार नै हुने थिएँ। समस्या परेको बेलामा सजिलै ऋण पाएँ। कारोबार गर्न निकै सजिलो रहेछ। आउँदा दिनमा पनि मेरो लागि संस्थाले यस्तै सहयोग गरोस्। म इमान्दार र मेहनतका साथ आफ्नो व्यवसायमा लागेर आर्थिक रुपमा सफल हुने छु।

❀❀❀



कृषि पेशाबाट सफल भएको छु

दिपेन्द्र तिमल्सिना

आजभोलि गाउँघरमा कृषि पेशा सम्हालेर बस्ने युवा बत्ती बालेरै खोज्नुपर्ने अवस्था छ। अझ भन्ने हो भने एसएलसी पास गरेका र त्योभन्दा माथि अध्ययन गर्ने युवा वर्गले त कृषि र पशुपालन पेशा अपनाएको खासै भेटिँदैन। गाउँघरमा कृषि पेशाबाट टाढा भएका युवाहरुले खाडी मुलुक भरेका छन्। युवा शक्ति रोजगारीको खोजीमा विदेशिँदा गाउँघरमा बूढापाका मात्र भेटिन्छन्। भारो पर्म गर्नसमेत आजभोलि निकै कठिन छ। अलिकति पढेकाहरु जागिरको खोजीमा सहर छिरेका छन्। विगतमा मुरी फल्ने खेतमा माना फलाउन समेत कठिन भइरहेको छ। कृषि प्रधान देश नेपालमा कृषि पेशा भन्ने बित्तिकै नाक खुम्चाउने जमात पनि ठूलै छ। यस्ता सन्दर्भहरु जोडिरहँदा २३ वर्षीय युवाले सामान्य कृषि पेशाबाट प्राप्त गरेको सफलता सुन्दा हामीलाई गौरव लाग्नु स्वभाविक हो। समयको माग र आफ्नो आवश्यकतालाई समायोजन गरेर पेशालाई निरन्तरता दियो भने सफलता पाउन सकिँदो रहेछ भन्ने गतिलो उदाहरण बन्नुभएको छ - हाम्रा ६१५ नम्बरका शेयर सदस्य दिपेन्द्र तिमल्सिना।

"मेरो योजना अनुसार संस्थाले मेरा लागि १ लाख रुपैंया लघु कर्जा उपलब्ध गरायो । यही लघु कर्जाको सहयोगमा तरकारी खेती पनि सुरु गरैं । गोलभेँडा, काउली र लसुन लगाएँ । खेती पनि राम्रो भयो, बजारको पनि समस्या भएन । हाल तरकारी खेतीबाट मासिक १५ हजार आम्दानी हुन्छ । दुबै व्यवसायबाट मासिक ४० हजार भन्दा बढी आम्दानी हुने भएकोले ५० हजारबाट सुरु भएको मेरो व्यवसायमा अहिले जम्मा लगानी सात लाख नाघेको छ ।"

ठूलादुर्लुङ्ग गाविस वडा नं. ६ मा जन्मनुभएका तिमिल्सिना हाल भट्टेडाँडा गाविस वडा नं. ४ मा विगत ६ वर्ष देखि अस्थायी बसोबास गर्दै आउनु भएको छ। आर्थिक र पारिवारिक समस्याका कारण आफ्नो अध्ययनलाई निरन्तरता दिन असफल हुनु भएका तिमल्सिनाले हामीसँगको कुराकानीमा भन्नु भयो- पढ्न मन थियो तर के गर्ने मन भएर मात्रै आशा पूरा हुँदो रहेनछ। आफ्नो आर्थिक र पारिवारिक समस्याले गर्दा प्लस-टू अध्ययन गर्दागर्दै पढाइलाई बिट मारेँ। रोजगारका लागि गाउँमा कुनै अवसर थिएन। आफ्नै जग्गा जमिनमा सामान्य खेतीपाती गर्ने बाहेक अरु कुनै विकल्प थिएन। बाटो र बजारको राम्रो प्रबन्ध नभएको हुँदा ठूलादुर्लुङ्गमै बसेर कृषि पेशा गर्न गाह्रो हुने सोचेँ। आफू सानैदेखि कृषि पेशामा दिन रात बिताएको भएरै होला यही पेशालाई निरन्तरता दिने अठोटका साथ भट्टेडाँडा पुगेँ। साहुसँग ऋण काढेको ५० हजार भन्दा अरु केही थिएन। ६ रोपनी जग्गा भाडामा लिएर त्यही ५० हजारबाट भैँसीपालन गर्न थाले। सुरुका दिनहरु निकै कठिन भए। आफ्नो घर खर्च धानेर जग्गाधनीलाई वार्षिक ४८००० रुपैयाँ भाडा बुझाउने कुरा मेरा लागि निकै चुनौतिपूर्ण थियो। तर पनि दरिलो आँट र आत्मविश्वासका साथ यही पेशालाई निरन्तरता दिएँ। मेहनत गर्दै गए, व्यवसाय पनि राम्रो भयो। अहिले ४ वटा भैँसी र एउटा गाई पालेको छु। भैँसीपालनबाट मासिक रु. २५००० भन्दा बढी नै आम्दानी हुन्छ। भैँसीपालनबाट मात्र चित्त बुझेन। भैँसीपालनबाट मल पनि प्रशस्त हुने भएकोले तरकारी खेती पनि सुरु गर्ने निर्णय गरे। प्रतिमा बचत तथा ऋण सहकारी संस्थामा आफ्नो योजना सुनाएँ। मेरो योजना अनुसार संस्थाले मेरा लागि १ लाख रुपैयाँ लघु कर्जा उपलब्ध गरायो। यही लघु कर्जाको सहयोगमा तरकारी खेती पनि सुरु गरेँ। गोलभैँडा, काउली र लसुन लगाएँ। खेती पनि राम्रो भयो, बजारको पनि समस्या भएन। हाल तरकारी खेतीबाट मासिक रु. १५ हजार आम्दानी हुन्छ। दुबै व्यवसायबाट मासिक रु. ४० हजार भन्दा बढी आम्दानी हुने भएकोले ५० हजार रुपैयाँबाट सुरु भएको मेरो व्यवसायमा अहिले जम्मा लगानी सात लाख नाघेको छ। यही व्यवसायको कमाइले अब भट्टेडाँडा क्षेत्रमै जग्गा किन्ने तरखरमा छु। जग्गा किनेपछि आफ्नै जग्गामा व्यवसायलाई अझ बिस्तार गर्ने योजना बनाएको छु।

मेहनत र सङ्घर्षले जीवन बदलिँदो रहेछ। जीवन सङ्घर्ष हैन भन्ने महसुस गरेको छु। विगतका दुःख सम्झँदा अहिलेको सफलताले सबै बिर्साउँदो रहेछ। गाउँका थुप्रै साथीहरु यस संस्थाको सदस्य भएकोले उनीहरुकै लहैलहैमा यस संस्थाको सदस्य बनेको थिएँ। सहकारीबाट यस्तो सहज कर्जा पाएकोले तरकारी खेती गर्न र भैँसीपालनलाई बिस्तार गर्न सकेँ। आज यही संस्था ठूलो र सानो खाँचो टार्ने र आफूलाई सफल बनाउने दरिलो माध्यम भएको छ। संस्थाले मेरा लागि निकै ठूलो गुन लगाएको छ। म यो संस्थाको सदस्य नभएको भए सायदै यस्तो सफलता पाउने थिइँन होला। कृषि व्यवसाय गर्ने हामीजस्ता युवाहरुलाई लघु कर्जाले निकै टेवा पुग्दो रहेछ। अझ सस्तो ब्याजदरमा संस्थाले कर्जा दिन सके हुन्थ्यो भन्ने आसा गरेको छु। हुँदा बचत गर्ने र खाँचो पर्दा निकाल्ने मेरो सफलताको साथी यस संस्थालाई धेरै धेरै धन्यवाद।

❀❀❀

स्वरोजगार कर्जाले रोजगार बनायो

जोक बहादुर मोक्तन

मेरो स्थायी घर काभ्रे जिल्ला, मिल्चे गाविस वडा नं. ५ हो। हाल म अस्थायी रुपमा ठेचो गाविस ललितपुरमा बस्दै आएको छु। लामो समयदेखि गाउँमा बेरोजगार थिएँ। गाउँघरका थुप्रै युवाहरु रोजगारीका लागि दिन दिनै विदेश गएको देख्दा नेपालमै स्वरोजगार हुन पाए हुन्थ्यो भन्ने चिन्ताले सताइरहन्थ्यो। नेपालमै बसेर राम्रो कमाइ गर्न सकिन्छ र यहीँ केही गर्न सकिन्छ भन्ने आत्मविस्वास भए पनि आफूसँग पर्याप्त पूँजी नहुँदा थुप्रै योजनाहरु मनमै रहन्थे। आफूसँग भएको आत्मविश्वास, जोस र जाँगरलाई काममा परिणत कसरी गर्न सकिन्छ होला भन्ने चिन्तामा थुप्रै दिनहरु बिते। यति धेरै समय बेरोजगार बस्दा पनि विदेशमा गएर परिश्रम गर्नेतिर कहिले पनि सोचिनँ। बरु के व्यवसाय गर्ने भन्नेतिर आफ्नो मनलाई दौडाउन थालेँ।

बेरोजगार समस्याबाट मुक्ति पाउने खोजीमा आफू जन्मेको ठाउँ छोड्ने निधो गरेँ र म ललितपुर प्रवेश गरेँ। कृषि व्यवसायबाट आफू अघि बढ्न सकिन्छ जस्तो लागेर बिना अनुभव च्याउ खेती गर्ने निर्णय गरेँ। ठेचो गाविसमा वार्षिक ५० हजार भाडा तिर्नेगरी करिब ४ रोपनी जग्गा खोजेँ र च्याउ खेती गर्न थालेँ। सुरुमा चर्को ब्याजमा ५ लाख रुपैयाँ व्यक्तिसँग ऋण लिई काम सुरु गरेँ। तर प्रविधि, सीप र ज्ञानको अभाव भएका कारण केही घाटा व्यहोर्नुपऱ्यो। व्यवसाय नै गर्ने भनेर अघि बढिसकेपछि केही घाटा भए पनि सहनु पर्छ भनेर अघि बढेँ। सहकारीको बारेमा आफूलाई सुरुमा त्यति ज्ञान थिएन। आर्थिक कारोबार गर्न सहकारीबाट सजिलो र सुलभ हुन्छ भन्ने प्रेम प्रसाद बजगाईँबाट थाहा पाएपछि उहाँकै सहयोगमा म प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको सदस्य बन्न पुगेँ र संस्थाबाटै

मेहनत, कडा परिश्रम, लगनशीलता र इमान्दारिताले काममा सफलता मिल्दो रहेछ । बिस्तारै यसै व्यवसायले मलाई राम्रो फाइदा दियो । गत साल सबै खर्च कटाएर करिव एक लाख पचास हजार रुपैयाँ बचत गरेँ । यो साल दसैं र तिहारको बीचमा मात्र झन्डै २ लाख रुपैयाँ बराबरको च्याउ बिक्री गरेको छु ।

कर्जा लिएर व्यवसाय गर्दै अघि बढेँ । ज्ञान र प्रविधि नजान्दा व्यहोरेको घाटालाई गतिलो पाठ बनाउँदै च्याउखेतीका बारेमा थुप्रै अनुभवहरु बटुलेँ । मेहनत, कडा परिश्रम, लगनशीलता र इमान्दारिताले काममा सफलता मिल्दो रहेछ । बिस्तारै यसै व्यवसायले मलाई राम्रो फाइदा दियो । गत साल सबै खर्च कटाएर करिब एक लाख पचास हजार बचत गरेँ । यो साल दसैं र तिहारको बीचमा मात्र झन्डै २ लाख रुपैयाँ बराबरको च्याउ बिक्री गरेको छु । यस साल पनि व्यवसाय फस्टाएको छ । । बजारमा च्याउको माग पनि बढिरहेकोले २ लाख भन्दा बढी नै नाफा हुने आशा गरेको छु ।

विगतमा बेरोजगार हुदा थुप्रै आर्थिक कठिनायीहरु थिए । हाल यही च्याउ खेतीको आम्दानीले मेरो परिवारलाई खुसी दिएको छु । बच्चाको पढाइको शुल्क तिरेको छु । कमाएको नाफालाई यही संस्थामा बचत गर्दै आएको छु । मेरो भविष्यको सहारा नै यही च्याउ खेती बनेको छ । विगतको तुलनामा अहिले औषधि उपचार र दैनिक खर्च चलाउने समस्याबाट गुज्रिनुपरेको छैन । व्यक्तिबाट चर्को व्याज तिरेर ऋण लिई व्यवसाय गर्दाको पीडाबाट मुक्त हुनकै लागि यस संस्थाको सदस्य बनेँ । संस्थाबाट कारोबार गर्दा निकै सहज र सजिलो महसुस भयो । व्यवसाय विस्तार गर्न थप पूँजीको खोजीमा थिएँ । त्यही बेलामा संस्थाबाट स्वरोजगार कर्जा पनि पाएँ । त्यही कर्जाको सहयोगमा च्याउ खेतीलाई थप बिस्तार गरेको छु । संस्थाबाट थुप्रै पटक कर्जा लिने र तिर्ने काम गरिसकेँ । संस्थाको सहयोगबाटै मेरो च्याउ खेती सफल भएकोले धेरै खुसी छु ।

यस संस्थाबाट चाहेको र भनेको बेलामा कर्जा प्राप्त गर्न सकिँदो रहेछ । बिना झन्झट, सुलभ ब्याजदरमा स्वरोजगार कर्जा पाएकोले व्यवसायलाई निकै सहयोग पुग्यो । बजारमा च्याउको माग प्रसस्त छ । उत्पादन राम्रो हुने र नाफा पनि हुने भएकोले समयमा ब्याज तथा स्वरोजगार किस्ता तिर्न कुनै पनि समस्या छैन । संस्थाले मलाई दिएको स्वरोजगार कर्जाले म र मेरो परिवारलाई सफल बनाएको छ । अहिले खाने बस्ने व्यवस्थासहित एकजनालाई रोजगार समेत दिएको छु । जोस, जाँगर भएका मजस्ता थुप्रै युवाहरु विदेशमा पसिना बगाउन बाध्य भएका छन् । अब हामीजस्ता युवाले अरुको देशको माटोमा पसिना बगाउने हैन आफ्नै माटोमा सुन फलाउनु पर्छ । यस संस्थाले मलाई स्वरोजगार बनाई मेरो व्यवसाय सफल बनाउन ठूलो सहयोग पुऱ्यायो । संस्था प्रति निकै आभारी छु ।

❀❀❀

परिवारका सबैले रोजगारी पाएका छन्

छविलाल बञ्जारा

काभ्रे जिल्ला कुसादेवी गाविस स्थायी घर भएका हाम्रा शेयर सदस्य सुदर्शन बञ्जारा हाल आफ्नो बुबा, मुमा र श्रीमतीका साथ इमाडोल -६ नयाँबस्तीमा अस्थायी बसोबास गर्दै आउनु भएको छ। संस्थाले व्यापार व्यवसायका लागि भनेर बञ्जाराका लागि ५ लाख ऋण उपलब्ध गराएको थियो। यही ऋणको सहायताले त्रिवेणी चोकमा उहाँको परिवारले डेरी, कस्मेटिक पसल र ठेलागाडामा तरकारी व्यापार समेत गर्दै आउनु भएको छ। बञ्जारा परिवारले गर्नु भएको व्यवसायको बारेमा बुझ्न जाँदा हाम्रा सदस्य सुदर्शन बञ्जाराका बुवा छविलाल बञ्जारा र मूमा झम्क कुमारी बञ्जारासँग भेट भयो। एउटै घरको भुइँतल्लाको छेउको सटरमा रहेको डेरी पसलमा छविलाल बञ्जारा दुघ, दही बेच्दै हुनुहुन्थ्यो भने उहाँकी बुहारी सँगैको कस्मेटीक पसलमा व्यस्त हुनुहुन्थ्यो। झम्क कुमारी बञ्जारा भने ठेलागाडामा तरकारी राखेर बिक्री गर्ने क्रममा हुनुहुन्थ्यो। उहाँहरुको व्यवसायको बारेमा छविलाल बञ्जाराले हामीलाई बताउनु भएको कुराकानीको केही अंश यहाँ प्रस्तुत गरिएको छ -

व्यवसाय गर्ने सोच मात्र भएर हुँदोरहेनछ लगानी गर्ने आर्थिक हैसियत पनि चाहिँदो रहेछ । त्यसैका लागि प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको सदस्य भइयो र व्यापारको लागि ५ लाख निकाल्यौं । यही ऋणको सहयोगले कस्मेटिक पसल र तरकारी व्यापार सुरू गर्न सफल भइयो ।

आफ्नो व्यवसायको बारेमा केही बताइदिनुहोस् न ?

- काभ्रेमा बस्दा दुग्ध व्यवसाय गरेकोले त्यही अनुभवको आधारमा डेरी पसल गर्ने सल्लाह भयो। डेरी सञ्चालन गरेको ३ वर्ष भइसक्यो। अरु व्यापार भन्दा डेरी व्यवसाय नै सजिलो लाग्छ। बजार राम्रो भएकोले नाफा पनि नहुने हैन। डेरीमा दुध, दही, पनिर, घ्यु तथा अन्य चिजहरु राखेका छौं। डेरीलाई म आफैंले व्यवस्थापन गरी सञ्चालन गरेको छु। परिवारमा श्रीमती र बुहारी बेरोजगार भएकोले कस्मेटिक पसल र तरकारी व्यापार गर्ने सोच भयो। व्यवसाय गर्ने सोच मात्र भएर हुँदोरहेनछ, लगानी गर्ने आर्थिक हैसियत पनि चाहिँदो रहेछ। त्यसैका लागि प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको सदस्य भइयो र व्यापारको लागि ५ लाख निकाल्यौं। यही ऋणको सहयोगले कस्मेटिक पसल र तरकारी व्यापार सुरु गर्न सफल भइयो। कस्मेटिक पसलमा बुहारीले हेर्ने गरेकोले हाल उनी बेरोजगार बस्नु परेको छैन भने ठेलागाडामा तरकारीको व्यापार श्रीमतीले गर्दै आएकी छिन्।

व्यवसायबाट कत्तिको आम्दानी गर्नु हुन्छ ?

- यही व्यवसायको कमाइले घरभाडा तिर्ने, दैनिक खर्च चलाउने गरेको छु। मासिक ५० हजार भन्दा बढी नै आम्दानी हुने गरेकोले यस व्यवसायबाट निकै सन्तुष्टी मिलेको छ।

संस्थाबाट कारोबार गर्दाको अनुभव बताइदिनुहुन्छ कि ?

- सहकारी संस्थाबाट कारोबार गर्दा यति धेरै सजिलो हुन्छ भन्ने लागेको थिएन। प्रतिभाका सञ्चालक र कर्मचारीको सहयोगले यो व्यवसाय गर्न सफल भइयो। भन्नेबित्तिकै ऋण पाउने भएकोले आर्थिक समस्याले व्यापारमा लगानी गर्न कुनै कठिनायी छैन।

अन्तमा केही भन्नु छ कि ?

- संस्थाको सहयोगले आज सिङ्गो परिवारले रोजगारी पाएका छन्। व्यापार व्यवसाय पनि राम्रो भएको छ। आउँदा दिनमा समेत संस्थाको यस्तै सहयोगको आशा राखेका छौं।

❀❀❀

कृष्ण कुमार थापा

गाई र बाख्रापालनबाट मासिक डेढ लाख कमाइ हुन्छ

मेरो जन्म ललितपुर जिल्लाको सैंवु गाविस वडा नं. ३ नखुडोलमा भएको हो। मेरो उमेर ३८ वर्ष भयो। सानै उमेर देखि कृषि र पशुपालनमा निकै सौख राख्दथैं। अरुले कृषि पेशा गरेको देख्दा मलाई पनि भविष्यमा कृषि पेशा गर्ने र नमुना कृषक बनेर आर्थिक उन्नति गर्छु भन्ने लाग्थ्यो। आफूसँग स्थानीय रुपमा प्रशस्त जग्गा जमिन भए पनि सुरुका दिनहरुमा जागिर खानेतिर लागियो। जागिरबाट कुनै सन्तुष्टि मिलेन। जागिर छोडेपछि त्यत्तिकै बेरोजगार बस्नु भन्दा अब कृषिलाई मुख्य पेशा बनाएर आफ्नै व्यवसाय गर्नुपर्छ भनेर काठमाडौंको नागार्जुनमा जग्गा खरिद गरी ३५ लाख रुपैयाँ लगानी गरेर ५ वर्षअघि बाख्रा पालन सुरु गरेँ। चिसो र बाख्राको लागि उपयुक्त वातावरण नभएका कारण घाटा व्यहोर्नु पऱ्यो। व्यवसाय गर्दा प्राविधिक ज्ञान नभएकोले असफल भएको हो भन्ने सोचेँ। यही व्यवसायलाई निरन्तरता दिनुपर्छ भन्ने आत्म विश्वासका साथ नागार्जुनबाट ल.पू.उ.म.न.पा. १४ मा रहेको आफ्नै जग्गामा फर्म निर्माण गरी व्यवसायलाई सार्ने निर्णय गरे। ७ रोपनीको आफ्नै जग्गामा करिब ४० लाख रुपैयाँको लगानीमा फर्म निर्माण गरी बाख्रापालन र गाईपालन व्यवसाय एकै साथ सुरु गरेँ। हाल उन्नत जातका २६ वटा गाई र ४० वटा बाख्रा पालेको छु। बाख्राका लागि चरन क्षेत्रको अलि अभाव छ। गाईका लागि आफ्नै जग्गामा मौसम अनुसारको घाँस रोपेको छु। पराल भने तराईबाट ल्याउने भएकोले घाँसपातको समस्या त्यति छैन। गुणस्तरीय दाना र स्याहार सुसारले आफूले पालेका सबै गाई र बाख्राहरु स्वस्थ छन्। पशुपालन गर्दा पशुलाई लाग्ने रोगका बारेमा जान्नुपर्ने हुन्छ। आफैंले भेटनरीसम्बन्धी सबै ज्ञान हासिल गरेकाले यस विषयमा निकै सहज भएको छ। हाल रेखदेखको लागि २ जनालाई रोजगारी दिएको छु। घर परिवारको निकै ठूलो सहयोग पाएको छु। आफ्नो मेहनत र परिश्रमको फल निकै मिठो हुँदो रहेछ। व्यवसाय गरेको छोटो समयमै आफ्नो सबै लगानी उठाइसकें। उन्नत जातका गाईबाट प्रशस्त दुध उत्पादन हुने हुँदा आफ्नै

डेरी सञ्चालन गर्ने योजना बनाएको थिएँ। आफूले उत्पादन गरेको दुध अरुको डेरीमा बिक्री गर्दा कताकता असजिलो महसुस भयो। व्यवसायलाई अलि मजबुत बनाउन र डेरी सञ्चालन गर्न लगानीको अभाव भएको थियो। सुलभ र सहज रुपमा कर्जा पाउन सकिने संस्थाको खोजी गर्दै जाँदा म यस संस्थाको सदस्य बन्न पुगेँ। मेरो सदस्यता नं.९५७ हो। सदस्य बनेपछि आफ्नो व्यवसायको बारेमा सबै जानकारी गराएँ।

संस्थाबाट मेरो व्यवसायको अवलोकन भयो र आफूलाई आवश्यक परेको ७ लाख कर्जा यसै संस्थाबाट पाएँ।

प्राविधिक ज्ञान, सीप, मेहनत र प्रतिभा जस्तो संस्थाको साथ पाएपछि असफल हुने कुरै हुँदैन।

संस्थाबाट पाएको ऋणको सहयोगले नखिपोटमा आफ्नै डेरी सञ्चालनमा ल्याएको छु। आफ्नै डेरीबाट आजभोलि ६० लिटर दुध र ४० लिटर दही दैनिक बिक्री हुन्छ। आफैँले उत्पादन गरेको दुधको बिक्रीबाट मात्रै व्यवसायको सबै खर्च कटाएर मासिक एक लाख पचास हजार भन्दा बढी बचत गर्दै आएको छु। बाख्रापालनबाट थप २०-२५ हजार आम्दानी हुने गरेको छ। व्यवसाय गर्दै जादा सफलता पनि पाएँ। व्यवसाय बिस्तार गर्न प्रतिभा जस्तो संस्थाको साथ पाएको छु। यही संस्थाको साथले डेरी सञ्चालन गर्न सफल भएँ। अब आफूले उत्पादन गरेको दुध किन्ने ग्राहक खोज्दै जानुपर्ने अवस्था छैन। गाईपालन गर्दै जाँदा थाहा भयो एउटा गाईलाई राम्रोसँग पाल्न २ रोपनीभन्दा बढी जग्गा चाहिँदो रहेछ। संस्थाबाट हामीजस्ता कृषकका लागि सहज रुपमा ऋण पाउने भएकोले यसै संस्थाको सहयोगको आशमा निकट भविष्यमै उपत्यका बाहिर ठूलो मात्रामा व्यवसाय बढाउने उद्देश्यले जग्गाको खोजीमा छु।

आफ्नो खटाइ, परिश्रम र व्यावसायिक ज्ञान नहुँदा धेरै कृषकहरु असफल भएका छन्। तसर्थ मेहनत गरौँ। व्यवसाय सुरु गर्नुभन्दा पहिले नै व्यवसायको बारेमा पूर्ण ज्ञान हासिल गरौँ। प्राविधिक ज्ञान, सीप, मेहनत र प्रतिभा जस्तो संस्थाको साथ पाएपछि असफल हुने कुरै हुँदैन।

❀❀❀

मुर्तिकला व्यवसायको भविष्य राम्रो छ

यादव घतानी

संस्थाबाट प्रवाह गरेका कर्जाहरुको अनुगमन गर्ने ऋण उपसमितिको नियमित कार्य अनुसार २०७१ कार्तिक ३ गते संयोजक रेवती दाहाल र म प्रस्तोता इमाडोल गाविस वडा नं. ६ स्थित हाम्रा ९० नम्वरका शेयर सदस्य यादव घतानीको आफ्नै घरमा पुग्यौं । साढे दुई तले घरको भुइँतलाको अगाडिपट्टीको ठूलो सटरमा ७-८ जना मूर्तिकारहरु आफ्नो कलालाई तामा र पितलका पाताहरुमा कुँद्दै थिए । ती मूर्तिकारहरुले कुँदेका बुद्ध, तारा, बज्रयान, महाङ्काल र अन्य देवी देवताको मूर्ति हेर्दै उनीहरुको कला देखेर केहीबेर हामी दुबैजना लट्ठ पर्यौं । २०-२२ वर्षका ती युवाहरुको कला र उनीहरुको पेशाले मलाई निकै प्रफुल्ल बनायो । बजारमा सजाएर राखिएका आकर्षक मूर्तिहरु देखेर मूतिकलाको प्रशंसा गर्ने मेरो मन चञ्चल भयो । मूर्तिकला व्यवसायको बारेमा केही बुझ्ने इच्छा जाग्यो । मेरा मनमा थुप्रै जिज्ञासाहरु थिए । जिज्ञासाहरुलाई एकपछि अर्को गर्दै राख्दै गएँ । मेरा जिज्ञासाहरु मेटाउने क्रममा आफू र आफ्नो व्यवसायको बारेमा हाम्रा सदस्य यादव घतानी हँसिलो मुद्रामा यसरी प्रस्तुत हुनुभयो- "खासगरी १८ वर्ष पहिले पढ्न र आफ्नो दैनिक खर्च जुटाउन निकै कठिन थियो । पढाइ खर्च र व्यक्तिगत खर्च जुटाउनकै लागि मूर्तिकला पेशामा प्रवेश गरैं । मेरा आफन्तहरुको पेशा पनि यही भएकोले सीप सिक्दै थोर बहुत पैसा कमाउनेतिर लागैं । करिब ७ वर्ष ललितपुरको च्यासलमा बसेर मूर्तिकलाको सीप सिक्दै गुजारा चलाउने काम भयो । ७ वर्ष निरन्तर सीप सिक्दा मूर्तिकला पेशा र व्यवसायका बारेमा थुप्रै अनुभवहरु बटुलें । सधैं यसरी अरुको काम मात्रले हुँदैन, आफैंले केही

गर्नु पर्छ भन्ने सोच भयो र २०६३ सालमा करिब ५ लाख ऋण काढेर यो व्यवसाय सुरु गरेँ । सटर भाडामा लिई ५ जना कामदार राखेर काम गर्दै यसलाई निरन्तरता दिएँ । सुरुका दिनमा त व्यवसायमा लगानी गर्नका लागि थुप्रै कठिनायीहरु आए । इमाडोलमै आफ्नो पेशा र व्यवसाय भएकोले साथीहरुको सहयोगबाट प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको सदस्य बनेँ । प्रतिभा पनि इमाडोलमै भएकोले कारोबार गर्न सजिलो भयो । संस्थाबाट कारोबार गर्दै आफ्नो व्यवसाय गर्दै गएँ । मेरो व्यवसायले पनि राम्रो सफलता दिँदै गयो । आफूले बनाएको मूर्तिहरु बेच्न कुनै समस्या छैन । अहिले त काठमाडौँमा मात्र नभएर चीनमा समेत निर्यात गर्दै आएको छु । यो व्यवसायले मलाई सफलता दिएको छ भने मेरो व्यवसायबाट १५ जना युवाहरुले प्रत्यक्ष रोजगार पाएका छन् । सामान्य काम जानेको कामदारले न्यूनतम पनि १५ हजार भन्दा बढी मासिक रुपमा कमाई गर्ने हुँदा उनीहरुको लागि पनि मेरो व्यवसाय राम्रो रोजगारीको माध्यम भएको छ । अहिले आफ्नै घरमा मूर्तिकला व्यवसायलाई सञ्चालन गरेकोले भाडा तिर्नु पर्ने झन्झट छैन । मुनाफा राम्रो हुने भएकाले आफ्नो आम्दानी र भविष्य बनाउने नै यही व्यवसाय भएको छ । चार सदस्यीय परिवारलाई यही व्यवसायको सफलताले खुसी दिएको छ । मूर्ति बनाउनका लागि कच्चा सामान पाटनबाटै पाउन सकिन्छ । तर विगतको तुलनामा लगानी भने बढी नै गर्नुपर्ने हुन्छ । यस संस्थाबाट पटकपटक गरेर १० लाख भन्दा बढीको आर्थिक कारोबार गरेको छु । आर्थिक रुपमा र व्यावसायिक रुपका विगतमा मेरा सामु जति चुनौती थिए ती अहिले छैनन् । व्यवसायका लागि ऋण आवश्यक पर्नासाथ संस्थाले तत्काल दिने हुँदा के गर्ने होला भन्ने चिन्ता छैन । यस संस्थाको निरन्तर सहयोगले आज मैले व्यावसायिक रुपमा सफलता प्राप्त गर्न सकेको छु । इमान्दार र मेहनत गर्ने हाम्रा शेयर सदस्यहरुलाई यस संस्थाले मूर्तिकला व्यवसायमा अझ लगानीलाई बढाउनु पर्छ भन्ने लागेको छ । संस्थाको सहयोग, मेरो मेहनत र परिश्रमले एक सफल मूर्तिकला व्यवसायी बनेको छु ।

> इमाडोलमै आफ्नो पेशा र व्यवसाय भएकोले साथीहरुको सहयोगबाट प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको सदस्य बन्न पुगेँ । प्रतिभा पनि इमाडोलमै भएकोले कारोबार गर्न सजिलो भयो । संस्थाबाट कारोबार गर्दै आफ्नो व्यवसाय गर्दै गएँ । मेरो व्यवसायले पनि राम्रो सफलता दिँदै गयो ।

❀❀❀

जीवमाई घिमिरे

लाखौँको कारोबार गर्न सक्ने भएँ

मेरो जन्म वि.सं. २०२३ मा दक्षिण ललितपुरको गोटिखेल गाविसमा भएको हो। ग्रामीण परिवेश र त्यतिबेलाको चलनअनुसार सानै उमेरमा विवाह भयो। विवाहपछिको केही वर्ष कालेश्वरमा खेती किसान गर्दै दिन काट्ने काम भयो। कमजोर आर्थिक अवस्थाका कारण परिवारमा थुप्रै समस्याहरु थिए। अन्ततः परिवारको सल्लाहबमोजिम हामी २०४४ सालमा गाउँबाट काठमाडौं बसाइँ सर्ने काम भयो। परिवारको साथमा काठमाडौंमा बस्ने कुरा कठिन थियो। जीविकोपार्जनका लागि थुप्रै समस्याहरु झेल्दै २०४५ सालमा करिब एक हजार रुपैयाँको लगानीबाट लगनखेलमा सानो व्यापार सुरु गर्‍यौं। समय बित्दै जाँदा व्यापार पनि बढ्दै गयो। व्यापारबाट भएको आम्दानीले व्यापारलाई नै बढाउँदै, घर खर्च चलाउने र बच्चा पढाउने काम भयो। त्यतिबेला अहिलेको जस्तो आर्थिक कारोबार गर्ने संस्थाहरु पाइँदैनथ्यो। चर्को ब्याजमा साहु कहाँबाट ल्याएको ऋणले व्यापार गर्ने कुरा निकै कठीन थियो। कडा परिश्रम र समय अनुसार आफूलाई चलाउन जान्दा सफलता प्राप्त गर्न सकिँदो रहेछ। यही व्यापारलाई निरन्तरता दिँदै लगनखेलमा आफ्नो व्यवसायलाई स्थापित गर्न सफल भए। जब वि.सं. २०६३ मा प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको स्थापना भएर कारोबार सुरु भयो त्यसपछि आफन्तहरुको सहयोगमा यस संस्थाको सदस्य बनेँ। संस्थामा सदस्य बनेपछि

> आफ्नो मेहनत र संस्थाको सहयोगबाट उतिबेला १००० रुपैयाँबाट सुरु गरेको मेरो व्यवसाय आज लाखौँको कारोबार गर्न सफल भएको छ। संस्थाको स्थापनादेखि हालसम्म जे जति कारोबार भएको छ यसै संस्थाबाट गरेकी छु। संस्थाले सहुलियत व्याजदरमा ऋण दिने हुँदा व्यापारलाई बढाउन प्रोत्साहन र आत्मबल बढेको छ।

भने व्यापार व्यवसायका लागि चाहिने ऋण संस्थाबाटै लिन थालैं । व्यापारबाट कमाएको थोर बहुत रकम पनि संस्थामा बचत गर्न थालैं । बचत गर्दा ब्याज पनि पाउने र व्यवसायका लागि ऋण पनि संस्थाबाट पाउने हुँदा व्यापारबाट निकै राम्रो भयो । आफ्नो मेहनत र संस्थाको सहयोगबाट उतिबेला १००० रुपैयाँबाट सुरु गरेको मेरो व्यवसाय आज लाखौंको कारोबार गर्न सफल भएको छ । संस्थाको स्थापनादेखि हालसम्म जे जति कारोबार भएको छ यसै संस्थाबाट गरेकी छु । संस्थाले सहुलियत ब्याजदरमा ऋण दिने हुँदा व्यापारलाई बढाउन प्रोत्साहन र आत्मबल बढेको छ । आफ्नो व्यापारबाट भएको सफलताले हाल इमाडोलमा स्थायी रुपमा बसोबास गर्न सफल भएकी छु । संस्थाको सहयोग नभएको भए व्यवसायको पूँजी बढाउन सकिने थिएन । नियमित र असल कारोबार गर्दा गतसाल संस्थाले सम्मान पनि गऱ्यो । यस संस्थामा कारोबार गरेर व्यवसाय गर्दै जाँदा सहकारी र सहकार्यका बारेमा धेरै कुरा बुझ्ने अवसर पाएँ । हामीजस्ता सदस्यहरुका लागि संस्थाले गरेको सहयोग निकै सराहनीय छ । खासगरी आफ्नो व्यवसायलाई सफल बनाई आर्थिक उन्नति गर्न सहयोग पुऱ्याउने आफ्नो परिवार र संस्थाप्रति कृतज्ञ छु । आउँदा दिनमा समेत मेरो सफलताको यो श्रेय प्रतिभालाई दिइरहन पाऊँ भन्ने आशा गरेकी छु । मेरो श्रीमान र परिवारका सबै सदस्यको साथमा संस्थाको सहयोगले आज म यो अवस्थामा आइपुगेकी हुँ । मेरो कारोबारअनुसार अझ सहुलियत दरमा व्यवसाय बिस्तारका लागि थप कर्जाहरुको व्यवस्था हुन सके राम्रो हुने थियो । अन्तमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

ठेलागाडा व्यापारबाट रास्रो कमाइ भो



पुष्कर कार्की

मे मेरो स्थायी ठेगाना इमाडोल गाविस वडा नं. ९ हो । दुई छोरा र श्रीमतीका साथ हाल म आफ्नै घरमा बसोबास गर्दै अएको छु । यस संस्थामा मेरो सदस्यता नं. १४२ रहेको छ र मेरो मुख्य पेशा ठेलागाडामा कपडाको व्यापार गर्नु हो । मेरो पुरानो घर सिन्धुली जिल्ला हो । करिब १५ वर्ष अघि म ललितपुरमा प्रवेश गरेको थिएँ । घरबाट आउँदा बोकेको ६०० रुपैयाँबाट लगनखेलको पेटीमा यो व्यवसाय सुरु गरेको थिएँ । थुप्रै दिनहरु लगनखेलको पेटीमा बिताएको छु । घाम, पानी, जाडो, दिन, रात नभनी लगनखेल र यस वरपरका सडकका छेउछाउमा रहेका खाली ठाउँ खोज्दै व्यापार गर्दै अघि बढेँ । सुरुका दिनहरुमा मसँग गाडा किन्ने पैसा थिएन । व्यापारबाट कमाएको पैसाले डेरा भाडा तिर्ने र दैनिक खर्च गर्नुपर्ने हुँदा निकै कठिन थियो । व्यवस्थित रुपमा सटर भाडामा लिएर व्यापार गर्न ठूलो लगानी आवश्यक पर्ने भएकोले त्यो सपना मात्र भयो । आफूले गर्दै आएको व्यवसायबाट थोरवहुत बचत गर्दै लगानी थप्दै गएँ । सडकको पेटीमा भन्दा गाडामा व्यापार गर्न पाए छारो, धुलोबाट पनि जोगिने र व्यापार पनि बढ्ने भन्ने सोचेर बचत गर्दै गएको रकम बाट १३००० रुपैयाँ खर्चेर ठेलागाडा किनेँ । इमाडोल बसाइ भएकोले यस संस्थाको सदस्य बनेँ । ठेलागाडाबाट व्यापार गर्न थालेपछि व्यापार र नाफा पनि बढ्दै गयो । आफूले कामाएको जे जति रकम यही संस्थामा बचत गर्दै गएँ । संस्थाबाट सानो तिनो ऋण लिँदै सामान पनि थप्दै गएँ । मेरो दिन चर्या बिस्तारै बदलिँदै गयो । बिहानको भिसमिसेमै ठेलागाडा लिएर कहिले ग्वार्को, कहिले सातदोबाटो त कहिले बालकुमारीका चोकचोक धाउँथेँ । झमक्क अँध्यारो हुँदासम्म ग्राहकको खोजीमा तिनै चोकमा गाडा लिएर बस्थेँ । निरन्तर यही पेशाबाट कतै नलागी आफ्नो व्यापार गर्दै गएँ । कमाइ दिनप्रतिदिन बढ्दै गयो । यही कमाइको भरमा इमाडोलमा सानो टुक्रा जग्गा किनेँ र दुई तले घर बनाएँ । व्यापार विस्तारदेखि जग्गा किन्ने र घर बनाउने सम्म यस संस्थाको धेरै ठूलो सहयोग पाएँ । यही सहयोग र मेरो मेहनतले आज आफूलाई सफल बनाएको छु । ६०० रुपैयाँबाट सुरु गरेको मेरो व्यापारबाट मासिक ३५ देखि ४५ हजार रुपैयाँसम्मको कमाइ हुने गरेको छ । यस संस्थाबाट निरन्तर कारोबार गर्दै आएको र व्यापारलाई पनि निरन्तरता दिएको छु । आफूलाई दुःख पर्दा साथ दिने यही व्यापार र यही संस्थाको मद्दतले आज मेरो जीवनमा सुखको अनुभूति भएको छ । ठेलागाडामा सानो व्यापार गर्ने हो भने पनि आर्थिक रुपमा सफल हुन सकिन्छ । मेरो सबै कमाइको स्रोत यही व्यापार भएको छ । यदि तपाईं पनि बेरोजगार हुनुहुन्छ र रोजगारको खोजीमा हुनुहुन्छ भने यही व्यवसाय सुरु गर्नुहोस् । म सफल भएँ भने तपाईं पनि अवश्य सफल हुनुहुने छ । मेरो सफलतामा प्रतिभाको ठूलो साथ रहेको छ । प्रतिभाजस्ता संस्थाको साथले सफल हुन सकिँदो रहेछ ।

बजारभाउ राम्रो भए कमाई प्रसस्त हुन्छ

भुवन बहादुर महत

कोशीपारि सापिङ गाविस काभ्रे घर भएका भुवन बहादुर महत हाल हरिसिद्धि गाविस, ललितपुरमा कृषि पेशा गर्दै आउनु भएको छ। विगत १५ वर्षदेखि यातायात व्यवसाय गर्दै आउनु भएका महतले गतवर्षदेखि कृषि पेशामा हात हाल्नु भएको हो। पछिल्लो समयमा उपत्यकाभित्र भएको सवारी चाप, ट्राफिक अस्तव्यस्तता र अस्वस्थ प्रतिस्पर्धाले यातायात व्यवसायबाट घाटा व्यहोर्नु परेपछि उहाँ कृषि पेशामा आउनु भएको हो। आफ्नो व्यवसायका बारेमा महत भन्नु हुन्छ -

करिब ११ लाख रुपैयाँको लगानीबाट एकै पटक गाईपालन, तरकारी तथा च्याउ खेती सुरु गरैं। यसका लागि ७ रोपनी जग्गा भाडामा लिएको छु। हाल ४ वटा गाई पालेको छु भने गोलभैंडा, साग तथा अन्य तरकारी लगाएको छु। भर्खरै च्याउ खेती पनि सुरु गरेको छु। कृषि पेशा सुरु गर्ने तयारी गर्दा लगानीका लागि संस्थाको खोजीमा थिएँ। यसै क्रममा साथीहरुको सहयोगमा यस संस्थाको सदस्य बनें। संस्थाबाट मेरो व्यावसायिक योजना अनुसार २ लाख रुपैयाँ सुलभ ब्याजदरको ऋण लिएर व्यवसायलाई व्यवस्थित र नमुना फर्मको रुपमा निर्माण गर्न सफल भएँ। गत वैशाखदेखि हालसम्म करिब ५ लाख नाफा भइसकेको छ। फर्मको रेखदेखका लागि एक जनालाई रोजगारी समेत दिएको छु। हाल २० वटाभन्दा बढी टनेलबाट गोलभैंडामात्र उत्पादन भइरहेको छ भने लसुन, बन्दा, बोडी, भान्टा, खुर्सानीबाट समेत राम्रो आम्दानी भएको छ। बजारभाउ राम्रो पाए प्रसस्त आम्दानी हुने अनुमान गरेको छु। लगानीको खाँचो भइरहेको बेलामा यस संस्थाबाट सजिलै कर्जा पाएँ। संस्थाबाट कारोबार गर्न सजिलो हुँदो रहेछ। संस्थाको साथ पाएकोले यस व्यवसायलाई निरन्तरता दिँदै अघि बढ्ने प्रेरणा मिलेको छ। म जस्ता युवालाई संस्थाले लगानीको व्यवस्था गरेर काम गर्ने जोस र जाँगर थपिदियो। संस्थाले गरेको सहयोगकै कारण अब यही पेशालाई सफल बनाउने सोच राखेको छु।

नेतृत्व विकास तालिमले जीवनलाई परिवर्तन गरायो

अरूणा बाबा अधिकारी

प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. को संयोजकत्वमा सञ्चालित ३ दिने नेतृत्व विकास तालिममा मैले पनी भाग लिने मौका पाएकी थिएँ। यो तालिम अत्यन्त रोचक र ज्ञानवर्द्धक थियो। यस तालिमले म के हुँ ? म को हुँ ? र मैले के गर्न सक्छु ? भन्ने कुराको बारेमा राम्ररी विश्लेषण गर्न सिकाएको छ। अर्थात् हामी जस्तो गृहणी जो घर र परिवारमा सीमित रही म जस्तो नारी अवला ले के गर्न सक्छु र ? भन्ने भावनालाई हटाएर एकदमै नयाँ उर्जावर्द्धक उत्साहका साथ हामी नारीले के गर्न सक्दैनौं ? भन्ने भावना जागृत गराएको छ। खाली हामीले आफ्नो सोचमात्र बदल्नु पर्दछ। निराशावादी सोचबाट आशावादी सोच सोच्नु पर्दछ। यस तालिममा अर्को कुरा कोही पनि मान्छे सत प्रतिशत पूर्ण हुँदैनन् । सबैमा केही न केही कमी कमजोरीहरु हुन्छन् र सबै मानिसहरुमा केही न केही गुण हुन्छ। त्यसकारण हामीले मानिसहरुमा भएको कमी कमजोरीहरुलाई नहेरी उसमा भएको गुण खोज्न सक्यौं भने हामीले हाम्रो घर, परिवार र साथीहरुलाई हेर्ने हाम्रो दृष्टिकोणमा परिवर्तन आउँछ भन्ने कुरा थाहा पाएँ।

यस नेतृत्व विकास तालिमले मानिसमा नेतृत्वको विकासका साथसाथै व्यक्तित्व विकास गर्नमा समेत टेवा पुऱ्यायो। हामी नारीले कुण्ठित भएर बस्न नहुने कुरा यस तालिमले सिकाएको छ। हामीले हाम्रो आत्मसम्मानलाई झुकाउनु हुँदैन। हामीले आत्मसम्मानका साथ आफूमा लुकेर बसेको गुण विशेषतालाई अगाडि ल्याउन सक्नु पर्दछ। आफूलाई घरधन्दामा मात्र सीमित नराखी आफ्नो आत्माले के चाहन्छ त्यो गर्न पछि पर्नु हुँदैन भन्ने कुरा पनि तालिममा सिक्ने अवसर पाएँ। तनावमुक्त रहने तरिका र मानिस कसरी तनावमुक्त रहन सक्छ ? एउटा तनावमुक्त मानिसको जीवन कति सुखी र पूर्ण हुन्छ भन्ने कुरा पनि यस तालिमले सिकाएको छ। एउटा मानिस तनावमुक्त रहेमा उसले आफ्नो परिवारलाई तनावमुक्त बनाउन सक्छ र परिवारले समाजलाई अनि समाजले देशलाई तनावमुक्त बनाउन सक्दो रहेछ भन्ने कुरा बुझ्न पाएँ।

त्यस्तै कसरी मानिसहरुसँग भेट्ने, मिल्ने र कुरा गर्ने, कसरी आफ्नो मनको कुरा स्पष्ट गर्ने र कसरी मानिसको अगाडि आफूलाई प्रस्तुत गर्ने अथवा मित्रता बढाउने कुरा पनि सिकें। एउटा असल आमा गुरु वा शिक्षक जे भने पनि एउटा नारी वा गृहणी असल हुन अति आवश्यक रहेछ। एउटा असल आमाले आफ्ना छोरा छोरीलाई असल शिक्षा वा नैतिकवान्, चरित्रवान् बनाउन ठूलो हात हुँदोरहेछ। तसर्थ एउटा गृहणीलाई राम्रो शिक्षा वा तालिम दिएमा उसले आफ्ना सन्तानलाई असल बनाउन सक्छिन्। तालिमबाट मैले अनुभव गरेको कुरा के भने हामी नारी गृहणीको लागि यस्तो नेतृत्व विकास तालिम अति नै आवश्यक तालिम रहेछ। यही तालिमले मलाई समाजमा नैतिकवान, चरित्रवान् व्यक्तित्वको रुपमा अघि बढ्ने प्रेरणा प्रदान गरेको छ।

❀❀❀

विदेश जाने पैसाले नेपालमै केही गर्न सकिँदो रहेछ

शिवहरि गुरुङ

मेरो घर सिन्धुली जिल्ला सिर्थौली गाविस वडा नं.९ हो। हाल म आफ्नो श्रीमती र एक बच्चाको साथमा गोंगबु ३, बानियाँटारमा अस्थायी रुपमा बस्दै आएको छु। सानै उमेरदेखि छरछिमेकका साथीभाइहरु विदेशमा गएर पैसा कमाएको देख्दा मलाई पनि त्यो हावाले छोयो। विदेशमा गएर धेरै पैसा कमाउने सपना बोकेर विदेशिएँ। आफ्नो आर्थिक अवस्था र बेरोजगारी समस्याले गर्दा ६ वर्ष मलेसियामा दुःख गरेँ। मलेसियाबाट फर्केपछि फेरि कतारमा १ वर्ष बिताएँ। निरन्तर ७ वर्ष विदेश बसेर अर्काको सेवामात्र गरियो। आफ्नो घर परिवारसँग टाढा रहेर अर्काको अर्डरमा चल्नुपर्दा निकै दुःख कष्ट भोग्नुपऱ्यो। विदेशमा त रगत र पसिना मात्र बगाउने रहेछ। विदेश के हो भन्ने पाठ यो ७ वर्षको दुःखले सिकायो। ७ वर्ष विदेशमै बिताएकोले अब बाँकी यात्रा आफ्नो घर परिवारसँगै बसेर बिताउने प्रण गरेको छु। विगतमा विदेशी भूमिमा गरेको दुःख र सङ्घर्षले नेपालमै बसेर केही गर्ने आँट बढेको छ। आफ्नो परिवारसँगै बसेर व्यवसाय गर्ने अठोट गरेर करिब डेढ वर्षअघि पाटनरशिपमा कुखुरापालन व्यवसाय सुरु गरेँ। कुखुरापालन व्यवसायबाट राम्रो आम्दानी गर्न सकिँदो रहेछ भन्ने कुरा व्यवसाय गर्दै जाँदा बुझेँ र विगत ६ महिनादेखि करिब २ रोपनी जग्गा भाडामा लिई गोंगबुमै एक्लैले कुखुरापालन व्यवसाय गर्दै आएको छु। सुरुमा ४ लाखको लगानीमा यो व्यवसाय सुरु गरेको थिएँ। व्यवसाय सुरु गर्दा करिब ५०० चल्ला राखेर काम सुरु गरेँ। पहिलो पटकमै खर्च कटाएर झण्डै १ लाख रुपैयाँ नाफा कमाउन सफल भएँ। आफ्नो व्यवसायलाई कसरी अगाडि लैजाने भन्ने चिन्तामा थिएँ। आफ्नो योजना लिएर यस प्रतिभा बचत तथा ऋण सहकारी संस्थामा पुगेँ। संस्थाबाट व्यवसाय विस्तारका लागि एक लाख ५० हजार कर्जा पाएँ। यही कर्जाको सहयोगबाट अहिले १००० लेस जातका चल्लाहरु राखी व्यवसायलाई बढाएको छु। सहकारीबाट यति सजिलै व्यवसाय गर्न कर्जा पाइन्छ भन्ने सोचेको थिइँन।

कारोबार गर्दै जाँदा संस्थाको बारेमा धेरै बुझ्ने मौका पाएँ। आफूलाई अति आवश्यक पर्दा खाँचो टार्ने र व्यवसाय विस्तारको सहयात्री बनेको छ यो संस्था। संस्थाको सहयोग र प्रेरणाले नेपालमै दुःख गरेर राम्रो आर्थिक उपार्जन गर्न सकिन्छ भन्ने आमविश्वास बढेको छ। २५-३० हजार रुपैयाँ कमाउन विदेश धाउनु पर्दो रहेनछ भन्ने छर्लङ्ग भएको छ। विदेशमा आफूले गरेको मेहनत सम्झँदै आफ्नो व्यवसायमा दिनरात खट्ने गरेको छु। अब यही व्यवसायलाई टेकेर जीवन सार्थक बनाउने यात्रामा अविरल लागिरहने छु। मेरो योजनालाई पूरा गर्न यस संस्थाले आउँदा दिनमा समेत यस्तै सहयोग गर्ने छ भन्ने आशा राखेको छु। अब २५-३० हजार कमाउन लाखौं रुपैयाँ ऋण काडेर मलेसिया र कतार जाने हैन प्रतिभा जस्तो संस्था खोजेर नेपालमै व्यवसाय गर्नेतिर लागौं।

❀❀❀

संस्थामा बचत गर्ने बानीले सजिलो हुँदो रहेछ

सानु पोडे

मेरो घर ललितपुर उपमहानगरपालिका १९ वडा लगनखेलमा भए पनि हाल हात्तीवन ललितपुरमा बस्दै आएको छु। लगनखेल क्षेत्रमा व्यापार व्यवसाय गर्ने थुप्रै साथीहरु यस सहकारी संस्थामा सदस्य बनेको थाहा पाएँ। खासगरी प्रतिभा बचत तथा ऋण सहकारी संस्थाको बारेमा अध्यक्ष रामहरि बजगाईंले थुप्रै कुराहरु भन्नुभयो र यस संस्थाको सदस्यता लिने निर्णय गरैं। मेरो सदस्यता नं. ७५ हो। संस्थाको सदस्य बन्दाको बखत पाटनरशिपमा सानो व्यवसाय गर्दथे। व्यवसायभन्दा आफ्नै पेशाबाट आर्थिक उपार्जन गर्न सकिने भएकोले पाटन अस्पतालमा जागिरे भएँ। आफूले कमाएको रकम सबै यसै संस्थामा बचत गर्न थालैं। यस सहकारीमा सदस्य भएदेखि नियमित बचत गर्ने बानीको विकास भयो। घर निमार्ण गर्दा केही रकम पुगेन। बैंकबाट ऋण निकाल्न निकै झन्झटिलो रहेछ। संस्थाबाटै बिना धितो थोरै थोरै कर्जा लिँदै घर निर्माण गर्ने काम सम्पन्न गरैं। यस संस्थामा सदस्य भएपछि यस्तो खालको सहयोग पाइन्छ भन्ने सोचेको पनि थिइँन। घर खर्च चलाउन ५-१० हजार आवश्यक पर्दा यही संस्थाको ढोकामा पुग्थैं। सजिलै ऋण पाउने भएकाले मासिक कमाइबाट ब्याज र किस्ता तिर्दै आफूले लिएको ऋण घटाउँदै जान्थैं। आजकाल त केही पैसा कमाइ हुने बित्तिकै संस्थामा बचत गर्छु। खाँचो पर्दा कहाँ जाने होला भन्ने चिन्ता छैन। यस्तो संस्थालाई राम्रो बनाई अझ ठूलो संस्थाको रुपमा स्थापित गराउन सके हामी जस्ता शेयर सदस्यको लागि अझै ठूलो सहयोग मिल्ने थियो।

❀❀❀

मसला उद्योगबाट राम्रो कमाई हुन्छ

अम्बिका नेपाल

इमाडोल गाविस वडा नं. ६ का अम्बिका नेपालले आफ्नो घर पायक पर्ने गरी इमाडोलमै प्रगति मसला उद्योग सञ्चालन गर्दै आउनु भएको छ। मसला उद्योग व्यवसाय सञ्चालन गर्दै आएको १५ वर्ष भए पनि इमाडोलमा यो उद्योग सञ्चालन गरेको करिब ४ वर्ष भएको छ। सुरुमा आफूले कोटेश्वर क्षेत्रमा मसला उद्योग सञ्चालन गरेको बताउनु हुने नेपालले विगतमा मसला सप्लाइ समेत गर्ने गरेको भए पनि हालका दिनहरुमा भने मसला पिस्ने र बिक्री गर्ने काम मात्र गर्नु भएको छ। मसला उद्योगका सञ्चालक अम्बिका नेपाल र उहाँका श्रीमान् कृष्ण प्रसाद नेपाल यस संस्थामा आवद्ध भई निरन्तर रुपमा कारोबार गर्नुभएको करिब ७ वर्ष भइसकेको छ। हाल यस उद्योगमा संस्थाले एक लाख रुपैयाँ स्वरोजगार कर्जा र सुलभ व्याज दरको थप ३ लाख रुपैयाँ लगानी गरेको छ। दैनिक रुपमा उपभोग गरिने चिज भएकोले यो व्यवसाय अति उत्तम भएको नेपालको भनाइ छ। आफ्नो व्यवसायको बारेमा नेपाल भन्नु हुन्छ- “मसला व्यवसायमा आउनुभन्दा अघि आर्थिक रुपमा निकै कमजोर थियौँ। यही व्यवसायको निरन्तरताले गर्दा आर्थिक पक्ष निकै सफल र बलियो भयो। अहिले पनि यस व्यवसायबाट मासिक ४० हजार भन्दा बढी नै आम्दानी हुने गरेको छ । यही पेशाबाट कमाएको पैसाको भरमा छोरालाई भारतको व्याङ्लोरमा इन्जिनियरिङ विषय पढ्न पठाएका छौँ। आर्थिक रुपमा विगत र वर्तमानमा निकै भिन्नताको महसुस गरेका छौँ। उद्योगलाई आवश्यक पर्ने लगानीको लागि संस्थाको सदस्य भएको दिनदेखि निरन्तर सहयोग पाएका छौँ। व्यवसायको लागि सुलभ व्याजदरका कर्जाको व्यवस्था संस्थाले गरेको छ। लघुवित्त, स्वरोजगार जस्ता सरल ब्याजदरका कर्जाहरु यस संस्थाबाट सजिलै प्राप्त गर्न सकिने हुँदा लगानीको लागि कुनै समस्या भएको छैन। संस्था सञ्चालनको तरिका, व्यवस्थापन र कार्यक्रमहरु निकै प्रशंसनीय पाएको छु। हामीजस्ता सदस्यहरुका लागि स्वास्थ्य लगायत अन्य विविध विषयमा छुट दिने जस्ता सुविधाहरु उपलब्ध गराउँदै आएकोले संस्थाको सदस्य भएकोमा निकै गर्व गरेको छु। संस्थाको वित्तीय सहयोगले नै आज मसला व्यवसायलाई सफल व्यवसाय बनाउन सकियो। आफ्नो सफलतामा यस संस्थाको सहयोगलाई बिर्सन सकिँदैन। स्थापनादेखि हालसम्म जुन रुपमा संस्था अघि बढेको छ, यसलाई हामी सबै मिली निरन्तरता दिन सके म जस्ता थुप्रै सदस्यहरुको भविष्य यस संस्थाले बनाइदिने छ।”

प्रतिभाका सफलताहरु २०७१

खण्ड ३

तस्वीरमा प्रतिभा

प्रारम्भिक साधारण सभा २०६३ का अतिथि महानुभावहरू

प्रारम्भिक साधारण सभामा सहभागी संस्थापक सदस्यहरू

प्रारम्भिक साधारण सभा २०६३ का सहभागी शेयर सदस्यज्यूहरू

दोस्रो वार्षिक साधारण सभा २०६५ मा सहभागी अतिथि महानुभावहरू

दोस्रो वार्षिक साधारण सभा २०६५ मा सहभागी शेयर सदस्यज्यूहरू

तेस्रो वार्षिक साधारण सभा २०६६ मा सहभागी अतिथि महानुभावहरू

तेस्रो वार्षिक साधारण सभामा सहभागी शेयर सदस्यज्यूहरू

सम्झनामा चौथो वार्षिक साधारण सभा

चौथो वार्षिक साधारण सभामा उपस्थित शेयर सदस्यज्यूहरू

सफलताको पाँचौं वार्षिक साधारणसभाको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि

पाँचौं वार्षिक साधारणसभामा स्वागत गीत प्रस्तुत गर्दै महिला उपसमिति

छैठौं वार्षिक साधारणसभामा सहभागी अतिथिज्यूहरू

छैठौँ वार्षिक साधारणसभामा नेतृत्व विकास तालिम दिनुहुँदै प्रशिक्षक महेश दाहाल

छैठौँ वार्षिक साधारणसभामा आयोजित नेतृत्व विकास तालिमका सहभागी शेयर सदस्यज्यूहरू

छैठौँ वार्षिक साधारणसभाबाट निर्वाचित नयाँ कार्यसमिति

सातौँ वार्षिक साधारणसभा उद्घाटन सत्र एक झलक

सातौँ वार्षिक साधारणसभा उद्घाटन सत्रमा सहभागी शेयर सदस्यज्यूहरू

सातौँ वार्षिक साधारणसभाका अवसरमा सम्मानित शेयर सदस्यज्यूहरू

सातौँ वार्षिक साधारणसभामा चर्चित हाँस्यकलाकार किरण के.सी.

संस्थाद्वारा आयोजित खुल्ला रक्तदान कार्यक्रम, २०६७

संस्थाद्वारा आयोजित खुल्ला रक्तदान कार्यक्रम, २०६७ मा रक्तदान गर्नुहुँदै शेयर सदस्यज्यूहरू

संस्थाद्वारा गिम्दी गाविस, ललितपुरमा आयोजित नि:शुल्क स्वास्थ्य शिविर

संस्थाद्वारा गिम्दी गाविस, ललितपुरमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा नाम दर्ता गर्दै सर्वसाधारण

संस्थाद्वारा गिम्दी गाविस, ललितपुरमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा डाक्टरसँग सर्वसाधारण

सहकारी अभियानमा हाम्रो ऐक्यवद्धता

संस्थाद्वारा कालेश्वर गाविस ललितपुरमा आयोजित निःशुल्क स्वास्थ्य शिविर

संस्थाद्वारा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा उपचार लिनुहुँदै स्थानीय वृद्धा

कालेश्वर गाविस ललितपुरमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा दन्तपरीक्षण गराउँदै स्थानीय

किस्ट अस्पताल, इमाडोलमा संस्थाद्वारा आयोजित फलफुल वितरण कार्यक्रमका सहभागीहरू

किस्ट अस्पताल, इमाडोलमा बिरामीलाई फलफुल वितरण गर्दै संस्थाका सदस्य छिरिङ लामा

संस्थाद्वारा ठूलादुर्लुङ गाविस, ललितपुरमा आयोजित निःशुल्क स्वास्थ्य शिविर, २०६६

संस्थाद्वारा ठूलादुर्लुङ गाविस, ललितपुरमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा उपचारका क्रममा स्थानीय

ठूलादुर्लुङमा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा सहभागी स्वास्थ्यकर्मीका साथ आयोजक तथा स्थानीय